नेपाल र कतारबीच पर्यटन प्रवर्द्धनमा सहकार्य हुने | पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९०१०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ •अंक ३११ •२०७७ साल चैत्र २५ गते बुधवार (7 April, Wednesday, 2021) •पृष्ठ ८ •मूल्य रु. ५।-

## नेपाल पत्रकार महासंघको निर्वाचन आज

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पत्रकार महासंघको २६औं महाधिवेशन अन्तर्गत केन्द्र, प्रदेश र जिल्लाको निर्वाचन एकैदिन बुधबार(आज) हुने भएको छ ।

नेपाल पत्रकार महासंघको इतिहासमा पहिलो पटक तीन तहको निर्वाचन एकै दिन हुन लागेको हो । तीनै तहको निर्वाचनमा मतदाताले कमसेकम ८३ जनालाई मतदान गर्ने भएका छन् ।

तीनै तहको लागि छुट्टाछुट्टै ब्यालेट पेपर तयार गरिएको छ । ब्यालेट पेपरमा टिक लगाएर मतदान गर्ने व्यवस्था गरिएको छ । नेपाल पत्रकार महासंघको तीनै तहका उम्मेदवारहरुले केही दिन अगावैदेखि तयारी थालेका छन् ।

केन्द्रिय, प्रदेश र जिल्ला तहका उम्मेदवारहरुले निर्वाचन अगावै उम्मेदवारी दर्ता गराएर मत माग्न व्यस्त भएका छन् । नयाँ नेतृत्वका लागि हुने मतदानमा उम्मेदवारहरु अन्तिम रस्साकस्सीमा लागेका छन् । उम्मेदवारहरुले भेटघाट गरेर, फोन गरेर र सामाजिक सन्जालमार्फत् मत माग्दै आएका छन् ।

महासंघको नयाँ नेतृत्वका लागि विपुल पोखरेल र निर्मला शर्मा प्यानलसहित चुनावी मैदानमा छन् । अध्यक्ष पदकै लागि गजेन्द्र बुढाथोकी पनि चुनावी प्रतिष्पर्धामा छन् । उम्मेदवारहरुले श्रमजिवी पत्रकारको पेशागत सुरक्षा र पत्रकार महासंघको शुद्धीकरणलाई मुख्य मुद्दा बनाएका छन् ।

प्रेस युनियन, प्रेस सेन्टर र प्रेस चौतारी (माधव नेपाल समूह) सहित ११ वटा संगठनको साझा उम्मेदवारको रुपमा पोखरेल, प्रेस चौतारी (ओली समूह) सहितको गठबन्धनको उम्मेदवारको रुपमा निर्मला शर्मा र स्वतन्त्र रुपमा अध्यक्ष पदका लागि बुढाथोकीले प्रतिष्पर्धा गर्दैछन् ।












# तत्काल लकडाउन गर्ने योजना छैन : मन्त्री त्रिपाठी



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ को सङ्क्रमण पुनः बढे पनि तत्काल बन्दाबन्दी (लकडाउन) गर्ने सरकारको योजना नरहेको स्पष्ट पार्नुभएको छ । प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिको मंगलबारको बैठकमा मन्त्री त्रिपाठीले पछिल्लो समयमा कोभिड-१९ संक्रमण बढिरहेको भन्दै त्यसलाई रोकथामका लागि सरकार तयारी अवस्थामा रहेको बताउनुभयो ।

स्वास्थ्य सुरक्षा मापदण्ड पालना कडाइका साथ लागू गराइने उहाँको भनाइ छ । मन्त्री त्रिपाठीले भन्नुभयो, 'कोरोनाको बढ्दो जोखिमप्रति सरकार सचेत छ तर दैनिक जनजीवन पनि सञ्चालन गर्नुपर्ने भएकाले जनस्वास्थ्यका मापदण्ड पालना गराइनेछ ।' समितिअन्तर्गत गठित उपसमितिद्वारा प्रस्तुत प्रतिवेदनलाई सरकारले कार्यान्वयन गर्ने बताउँदै उहाँले सीमा क्षेत्रमा कडाइ गर्ने योजना रहेको जानकारी दिनुभयो ।

समितिले पछिल्लो समय छिमेकी देशमा कोरोनाको लहर पुनः बढ्दो क्रममा देखिएकाले सरकारले सोसम्बन्धी आवश्यक सर्तकता अपनाउन विशेष पहल गर्नुपर्ने भन्दै उपसमिति गठन गरिएको थियो । यही चैत ११ गतेको बैठकमा उपसमितिका संयोजक जीवनराम श्रेष्ठले समितिका सभापति जयपुरी घर्तीसमक्ष प्रतिवेदन पेस गर्नुभएको थियो । कोभिड सङ्क्रमणको महामारी भविष्यमा पनि आउन सक्ने सम्भावनालाई ध्यानमा राखी उपचार र नियन्त्रणका लागि सबै प्रदेश र केन्द्रमा आवश्यक सुविधासहितको संरचना तयार गर्न सुझाव उपसमितिले दिएको छ ।

सर्वसाधारण नागरिकलाई कोरोना भाइरसविरुद्धको खोप वितरण कार्यक्रम सरल र प्रभावकारी बनाउन तथा जतिसक्दो चाँडो खोप उपलब्ध गराउन पनि उपसमितिले सुझाव दिएको छ । कोभिड-१९ को महामारी बढ्दै गएपछि गत भदौ ९ गते बसेको समितिको बैठकले सांसद श्रेष्ठको संयोजकत्वमा अन्जना विशंखे, एकवाल मियाँ, तिलकबहादुर महत क्षेत्री, नमिताकुमारी चौधरी, सन्तकुमार थारु र सरिता न्यौपाने सदस्य रहेको सात सदस्यीय उपसमिति गठन गरेको थियो ।

मन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ को सङ्क्रमण बढे पनि आतङ्कित हुनुपर्ने अवस्था नरहेको बताउनुभएको छ । त्रिकाल प्रोडक्सनले आयोजना गरेको नेपाल स्वास्थ्य सम्मेलन-२०२१ को मंगलबार यहाँ उद्घाटन गर्दै उहाँले छिमेकी मुलुकमा कोभिड-१९ को सङ्क्रमण बढे पनि नेपालमा सङ्क्रमण बढ्न नदिने बताउनुभयो । उहाँले भारतमा सङ्क्रमण बढ्दै गएकाले नेपालमा पनि फेरि सङ्क्रमणको जटिलता थपिएको बताउनुभयो ।

उहाँले सीमा नाकामा एन्टिजेन परीक्षण गरेर सङ्क्रमणलाई रोकथाम र नियन्त्रण गरिने जानकारी दिनुभयो । मन्त्री त्रिपाठीले सीमा नाकाबाट आउने सङ्क्रमितलाई राख्न आइसोलेसन, क्वारेन्टिन बनाउने कार्य पनि शुरु गरिएको बताउनुभयो । उहाँले सञ्चारमाध्यमलाई पनि सङ्क्रमणको त्रास फैलाउने गरी समाचार सम्प्रेषण नगर्न आग्रह गर्नुभयो । "अहिले सङ्क्रमणको कारणले आतङ्कित हुनुपर्ने अवस्था छैन", उहाँले भन्नुभयो, "आतङ्कित हुनु भनेको सङ्क्रमणलाई बढवा गर्नु हो । आतङ्कित नभई कोभिड-१९ को सावधानी र सतर्कता अपनाउनुपर्दछ ।" मन्त्री त्रिपाठीले पुनः बन्दाबन्दीको अवस्थामा भने नजाने स्पष्ट पार्नुभयो ।"हामी फेरि मुलुक बन्दाबन्दीको अवस्थामा जाओस् भनेर चाहँदैनौँ", उहाँले भन्नुभयो, "बन्दाबन्दीभन्दा अगाडि गर्नुपर्ने महत्वपूर्ण कदम सरकारले चाल्न गइरहेका छौँ ।"

उहाँले चीन सरकारले अनुदानमा उपलब्ध गराएको कोभिड-१९ विरुद्धको खोप 'भेरोसेल' भोलिदेखि लगाउन शुरु गर्ने जानकारी दिनुभयो। बुधबारदेखि ४० देखि ५९ वर्ष उमेर समूहका व्यक्तिलाई उक्त खोप दिइने छ।

सम्मेलनमा नेपालका लागि अमेरिकाका राजदूत र्‍याण्डी वेरीले अमेरिकी सरकारले नेपाललाई स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको भन्दै कोभिड-१९ को रोकथाम र नियन्त्रणमा सहयोग गर्दै आइरहेको जानकारी दिनुभयो ।

सम्मेलनमा स्वास्थ्य क्षेत्रले भोगिरहेका चुनौती र कमजोरीमाथि छलफल गर्दै सरकारलाई स्वास्थ्य नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्य रहेको छ । सम्मेलनमा स्वास्थ्य साक्षरता, कोभिड-१९ महामारी र दिगो विकास लक्ष्य स्वास्थ्य नीति पुनरावलोकनलगायत विषयमा बहस गरिने छ ।रासस



अखाद्य चिनी नष्ट गरिदै । खाद्य क्वारेन्टाईन जलेश्वरले सेवन गर्न अयोग्य भनेको ७२ हजार केजी अखाद्य चिनी राजस्व अनुसन्धान कार्यालय पथलैयाले वर्षदिनपछि नष्ट गरेको छ।

*तस्वीरः रञ्जन यादव/टुडे*

# चौँरी देउरालीमा राष्ट्रिय परिचयपत्र अभियान

बनेपा । जिल्लाको विभिन्न स्थानीय तहमा अभियानकै रुपमा सञ्चालन भइरहेको राष्ट्रिय परिचयपत्रको फारम भर्ने क्रममा जिल्लाको कोशीपारि क्षेत्रमा सो अभियान सञ्चालन हुने भएको छ।

क ा भ ़ ` क ा `
चौँरी देउराली गाउँपालिकामा राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलनसम्बन्धी कार्यका लागि स्थानीय तहसँग समन्वय र सहकार्य थालनी गरिएको छ। यसको लागि प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलसहित जिल्लाका सुरक्षा प्रमुखसहितका टोली पुगेका छन् । राष्ट्रिय परिचयपत्र र यसको महत्वका बारेमा प्रजिअ पोखरेलले सहजीकरण गर्नुभएको थियो । उहाँले सुशासन र पारदर्शीको लागि सरकारले राष्ट्रिय परिचयपत्रको अवधारणा ल्याएको कारण अभियानमा सहभागिताको आम नागरिकलाई आग्रह गर्नुभयो।

चौँरी देउराली गाउँपालिका अध्यक्ष दिननाथ गौतमले राज्यले नयाँ खालको विधिमार्फत जनतासँग जोड्न खोजेको बताउँदै निर्धारित समयभित्र कार्य सम्पन्न गर्न कर्मचारीलाई आग्रह गर्नुभयो। अहिले सञ्चालन हुने अभियानमा कर्मचारी संवेदनशील र तदारुकता भएर काम गर्न आवश्यक छ। उहाँले भन्नुभयो, राज्यले नयाँ खालको विधिलाई अगाडि सारेकोले त्यसमा सहभागिता जनाएर अयिभान सफल बनाउन लाग्नु सबैको दायित्व हो।

सो क्षेत्रमा अब छिट्टै राष्ट्रिय परिचयपत्रको लागि विवरण सङ्कलन गर्ने काम शुरु गर्ने जनाएको छ। रासस


चल्दै छ । चल्दै छ ॥ चल्दै छ ॥।




निलम 3D सिनेमा DOLBY SURROUND 7.1

३ वटा शानदार फैमली क्याविनका साथमा, अग्रिम टिकटका लागि सम्पर्क नं. ०४१-४२०२९२, ९८२४८२६०३९


# औद्योगिक सुरक्षा बल पुर्नस्थापना गर्न आग्रह



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य सुबोदकुमार गुप्ताले प्रदेश नं. २ का प्रहरी नायब महानिरीक्षक धिरज प्रताप सिंहसँग भेटघाट तथा छलफल गरेका छन् । सो क्रममा खारेज गरिएको औद्योगिक सुरक्षा बललाई पुर्नस्थापना गर्न र वैद्य व्यापारलाई प्रोत्साहन तथा अवैध व्यापारलाई निरुत्साहित तुल्याउने नीति लिन आग्रह गरे । वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य सुबोदकुमार गुप्ताको नेतृत्वमा सम्मिलित वीरगञ्ज उद्योग वाणिज्य सङ्घका एक शिष्टमण्डल टोलीले प्रदेश नं. २ का प्रहरी नायब महानिरीक्षक सिंह सँग भेटघाट तथा छलफल गरेका हुन् ।

छलफलका क्रममा अध्यक्ष गुप्ताले सेफर वीरगञ्जद्वारा परिचालित सिसिटिभी परियोजनाबाट वीरगञ्जवासी लाभान्वित भइरहेकोले यस परियोजनालाईपर्सा-बारा औद्योगिक क्षेत्रभरी विस्तार गर्न आवश्यक बजेट विनियोजनको लागि आवश्यक पहल गर्न आग्रह गरे । उनले पर्सा-बारामा विगतका वर्षदेखि शान्ति सुरक्षामा आएको सुधारलाई निरन्तरता दिनुपर्ने तर्फ ध्यानाकर्षण गराएका थिए ।

पर्सा-बारामा अत्यधिक आर्थिक क्रियाकलाप हुने भएकोले सोही अनुपातमा सुरक्षा हुनुपर्ने बताउँदै स्माइलिङ्ग प्रहरी र फ्रेण्डली प्रहरीको अवधारणालाई व्यवहारमा रुपान्तरित गर्नुपर्नेमा जोड दिए । प्रहरी नायव महानिरीक्षक सिंहले प्रदेश नं. २ को शान्ति सुरक्षाको लागि आफू गम्भीर एवम् सम्वेदनशील रहेको बताए । उनले आपराधिक क्रियाकलापमा संलग्न रहने जोकोहीलाई पनि उन्मुक्ति दिन नसकिने बताए । साथै सेफर वीरगञ्जद्वारा परिचालित सिसिटिभी परियोजनाको लागि बजेट विनियोजन गर्न उनले आवश्यक पहल गर्ने आश्वासन दिए ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य गोपाल केडिया, वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्ष माधव राजपाल लगायतले शान्ति सुरक्षा कायम गर्न प्रहरीको भूमिकाका सम्बन्धमा आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

# गोठमा आगलागी

**टुडे समाचारदाता**

मलगंवा । सर्लाहीको नवलपुर-मलंगवा सडक खण्ड अन्तर्गत हरिपुर नगरपालिका -३ फरहदवा स्थित एक वस्तुभाउ बाँध्ने गोठमा सोमबार राती आगलागी भएको छ ।

राती करिब ११:४० बजेतिर स्थानीय अजय आलमको खरले छाएको फुसको वस्तुभाउ बाँध्ने गोठमा अचानक भएको आगलागीमा परि गोठ भित्र रहेको २ वटा खाट र भुँसा जलेर नष्ट हुँदा अन्दाजी ४२ हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

उक्त आगलागी दमकलको सहयोगमा नेपाल प्रहरी र स्थानीय बासिन्दाको प्रयासमा करिब १२:१० बजे पुर्ण रुपमा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मलंगवाले जनाएको छ ।

# बर्दियाको नरभक्षी बाघ सदर चिडियाखानामा कैद

काठमाण्डु । बर्दिया राष्ट्रिय निकुञ्जबाट नियन्त्रणमा लिइएको नरभक्षी बाघलाई ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा राखिएको छ । यही चैत २२ गते डार्ट गरी नियन्त्रणमा लिइएको अन्दाजी १० वर्षको भाले बाघलाई चिडियाखानामा आज ल्याईएको हो ।

निकुञ्जमा कार्यरत हात्तीका पछुवा पुलिसराम थारुको राष्ट्रिय गैँडा गणना कार्यक्रम-२०२१ मा सहभागी भइरहेकै अवस्थामा सोही बाघको आक्रमणबाट यही चैत २२ गते मृत्यु भएको हो । उक्त बाघलाई त्यसैदिन बेलुका ८ बजे नियन्त्रणमा लिइएको थियो ।

केही महिनायता बर्दिया राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र र खाता जैविकमार्ग वरपर सिलसिलाबद्ध रूपमा भएका मानव-बाघ द्वन्द्वका घटनाले मानवीय क्षति व्यहोर्नुपरेको थियो । चालु आर्थिक वर्षमा मात्र बाघको आक्रमणबाट १० जना मानिसको मृत्यु हुन पुगेको छ । जसमध्ये तीन निकुञ्जभित्र, पाँच जैविक मार्ग क्षेत्रमा र दुई मध्यवर्ती क्षेत्रको जङ्गलमा भएका हुन् ।

सिलसिलाबद्ध रूपमा मानव-बाघ द्वन्द्व बढिरहेका बेला सरोकारवाला निकायलाई यो द्वन्द्वको तत्काल समाधान गर्न दबाब बढिरहेको छ । रासस


## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : धन बृद्धि सञ्चय । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# घुस लिएको अभियोगमा मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रु चार लाख घुस लिएको अभियोग लागेका काठमाण्डु महानगरपालिका-३० का वडा सचिव भरतकुमार पोखरेलविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

निर्माण कार्य सम्पन्न भएपश्चात बिल भुक्तानी दिएबापत सेवाग्राहीसँग अतिरिक्त रकम माग गरेको भन्ने सूचनाका आधारमा आयोगको टोलीले पोखरेललाई केही दिन पहिले घुससहित पक्राउ गरेको थियो । आरोपी पोखरेललाई बिगोअनुसार कारबाहीको माग गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद रिसालले जानकारी दिनुभयो ।रासस

# प्रदेश प्रमुख झाद्वारा ३२ औं पटक रक्तदान



काठमाण्डु । प्रदेश नं २ का प्रमुख राजेश झाले नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवा, कालीमाटीमा पुगी रक्तदान गर्नुभएको छ । सोमबार उहाँले ३२ औं पटक रक्तदान गर्नुभएको हो ।

"रक्तदानमा युवा सहभागिता बढाउनुपर्नेछ । म नियमित रक्तदाता भएकामा गर्व गर्दछु", उहाँले भन्नुभयो । उहाँले विशेष गरी प्रदेश २ मा रक्तसञ्चार सेवा वृद्धि गर्न नेपाल रेडक्रसलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुका साथै समुदाय केन्द्रित चेतना कार्यक्रम बढाउन देशभरिका रक्तसञ्चार केन्द्रलाई सुझाव दिनुभएको थियो ।

सो अवसरमा प्रदेश प्रमुख झालाई सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले रक्तदातापिन लगाइदिँदै रेडक्रसबाट सञ्चालित रक्तसञ्चार सेवाका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले भन्नुभयो, "रगतका अभाव हुन नदिन सोसाइटीले उच्च प्राथमिकताका साथ काम गरिरहेको छ ।"

केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक दिव्यराज पौडेलले 'सुलभ, गुणस्तरीय र मर्यादित सेवा : नेपालको रक्तसञ्चार सेवाको अवधारणा' अनुसार रक्तसञ्चार गतिविधि अघि बढाइएको जानकारी दिनुभया । उहाँले रक्तदान गर्नुभएकामा प्रदेश प्रमुख झालाई धन्यवाद पत्रसमेत प्रदान गर्नुभयो । हालैमात्र उहाँले निर्देशक पदको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

सुलभ, गुणस्तरीय र मर्यादित रक्तसञ्चार सेवाका लागि प्रदेश नं २ र कर्णाली प्रदेशमा पनि प्रदेशस्तरीय रक्तसञ्चार केन्द्र बनाउने जानकारी उहाँले दिनुभयो । उहाँका अनुसार विगत चार महिनाका अबधिमा मात्र केन्द्रीय रक्तसञ्चार सेवा केन्द्र कालीमाटीले दशहजार भन्दा वढी युनिट रगत सङ्कलन गर्न सफल भएको छ । सङ्कलित रगत विरामीको आवश्यकता अनुसार वितरणसमेत गरेको छ ।रासस

# चार सांसदलाई माओवादी केन्द्रको कारवाही

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले नेकपा (एमाले) प्रवेश गरेका चार सांसदलाई कारवाही गरेको छ । प्रतिनिधिसभा सदस्य टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभु साह र गौरीशङ्कर चौधरीलाई पार्टीको साधारण सदस्य नरहने गरी कारवाही गरिएको जानकारी माओवादी केन्द्रले सङ्घीय संसद् सचिवालयलाई गराएको छ ।





राजनीतिक दल त्यागसम्बन्धी ऐन २०७३ को दफा ३१ र ३२ बमोजिम स्पष्टीकरण माग गरी मन्त्रिपरिषद्बाट फिर्ता आउन गरिएको निर्देशन अस्वीकार गरेकाले कारवाही गरिएको अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'ले सङ्घीय संसद् सचिवालयलाई जानकारी गराउनुभएको छ ।

माओवादी केन्द्रको यही चैत १ र २ गते बसेको केन्द्रीय समितिको बैठकले अध्यक्ष दाहाललाई प्रत्यायोजित गरेको अधिकार बमोजिम रायमाझी, भट्ट, साह र चौधरीले दल त्याग गरेको निर्णय गरिएको जनाइएको छ । राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ बमोजिम प्रतिनिधिसभामा पेश गर्ने निर्णयबमोजिम उहाँहरुलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निस्काशन गरिएको हो ।

सांसदहरु रायमाझी, भट्ट र चौधरीले स्पष्टीकरण नदिएको र साहले दिएको स्पष्टीकरण चित्तबुझ्दो नभएको तथा राजनीतिक दलसम्बन्धी ऐनले तोकेको दायित्व उल्लङ्घन गरेको सङ्घीय संसद् सचिवालयमा माओवादी केन्द्रले गराएको जानकारी पत्रमा उल्लेख छ ।रासस

# सतिप्रथा अन्त्यका लागि योगमायाको ठूलो योगदान : प्रदेश प्रमुख अधिकारी



मोरङ । प्रदेश नं १ का प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी'ले योगमायाले राणा शासनकालमा सतिप्रथा अन्त्यका लागि गरेको योगदान स्मरणीय रहेको बताउनुभएको छ ।

मोरङको ग्रामथान गाउँपालिकास्थित झोराहाट नाटकघरमा सोमबार 'योगमाया' नाटक अवलोकन गरेपछि उहाँले दुर्गम भोजपुरजस्तो पहाडी भूभागमा रहेर सतिप्रथा एवं जहानियाँ राणा शासन अन्त्यमा उहाँको ठूलो योगदान रहेको चर्चा गर्नुभयो ।

प्रमुख अधिकारीले ६८ महिलालाई आफूसहित अरुण नदीमा फाल हान्न लगाउने योगमायाको साहसिक कार्यबाट मुलुकमा महिला सङ्गठन निर्माण भएको स्मरण गर्नुभयो । उहाँले आशीर्वाद थाप्ने त्यो समयमा विद्रोह गर्नु ठूलो साहस रहेको चर्चा गर्दै महिलाले परिवर्तनका लागि लड्नु भनेको 'झुण्डाइने वा झुण्डिनु' मात्र कार्य रहेको भन्नुभयो ।

उहाँले छुवाछूतलगायत समाजमा रहेको विभेद अन्त्यमा योगमायाको योगदान समाजले अहिलेसम्म स्मरण गरेको चर्चा गर्दै नाट्यघरको विकासका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सो अवसरमा नाटकघर सञ्चालक एवं लेखक भरत गुरागाईं ' बर्बरिक'ले नाटकलाई ग्रामीण क्षेत्रका साथै भोजपुरमा समेत मञ्चन गरिने जानकारी दिनुभयो । सो नाटकको निर्देशन तराईका आदिवासी जनजाति प्रदीप सरदारले गर्नुभएको थियो ।रासस

# वाग्मती प्रदेशसभा बैठकमा प्रतिपक्षको विरोध

हेटौडा । वाग्मती प्रदेशसभाको मंगलबारको बैठक शुरु भएलगतै नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता शालिकराम जम्मकट्टेलले प्रदेशसभाका बहुसंख्यक सदस्यले मुख्यमन्त्री डोरमणि पौडेलविरुद्ध ल्याएको अविश्वासको प्रस्तावमाथि छलफल गर्ने मौका नदिएको भन्दै विरोध गर्नुभयो ।

उहाँले सरकारले एकलौटी ढङ्गबाट जिल्लामा बजेट निकासा र योजनाको बाँडफाँट गरी प्रतिपक्ष दललाई उपेक्षा गरेको आरोप लगाउनुभयो ।

सरकारले एक पक्ष ढङ्गबाट प्रदेशका विभिन्न जिल्लामा विद्युतीय बस सञ्चालन गर्ने भनि आह्वान गरिएको बोलपत्र नाजायज भएको र सो बोलपत्र तत्काल सरकारले नै रद्द गर्नुपर्ने उहाँको माग थियो ।

प्रदेशसभाका सभामुखले पनि सरकारको दबाबमा परेर अविश्वासको प्रस्तावमाथि तलफल गर्ने वातावरण सिर्जना गर्न नसक्नुभएको बताउँदै नेता कट्टेलले प्रदेशसभाको विभिन्न समिति र कार्यपरामर्श समितिको बैठकमा पनि प्रमुख प्रतिपक्ष र अन्य प्रतिपक्षलाई सूचनासमेत नदिएर छलफल अगाडि बढाएकोप्रति दुःख व्यक्त गर्नुभयो ।

उहाँले संसद्मा पेश गरिएको अविश्वासको प्रस्ताव छलफलमा ल्याउन माग गर्दै आफ्नो दलको तर्फबाट फिर्ता नहुने र छलफलमा पराजित भएमा सो नतिजालाई स्वीकार गर्ने बताउनुभयो ।

नेता जम्मकट्टेलले आफ्नो मन्तव्य सकिनेबित्तिकै उहाँका दलका प्रदेशसभाका सांसदले आ-आफ्नो आसनबाट उठेर बैठकको विरोध गर्नुभएको थियो । त्यसपछि सभामुख सानुकुमार श्रेष्ठले चैत २५ गते दिउँसो ११ बजे बस्ने गरी आजको बैठक स्थगित गर्नुभएको थियो ।रासस


## आवश्यकता

कर्णाली डिष्टिलरी प्रा.लि., नेपालगंजका लागि एक जना कर्मचारीको आवश्यकता भएकोले इच्छुक नेपाली नागरिकहरुले तलको नं.मा सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी संख्या - १ (एक)**

**नोट** :
(१) प्रदेश नं. २ को लागि
(२) मोटरसाईकल भएको
(३) स्थानीय भाषाको ज्ञान भएको

**सम्पर्क नं.**
९८५११९२७७७, ९८५११७१६९८



**जनकपुर उद्योग वाणिज्य संघको**

**उपाध्यक्ष पदका उम्मेदवार**



**अनिल कुमार साह (प्रधान)**

लाई उपाध्यक्ष पदमा मतप्रदान गरी भारीमतले विजय बनाउनु हुन सम्पूर्ण उद्योगी, व्यपारी, तथा व्यवसायीहरुलाई हार्दिक अपिल गर्दछौं ।

VOTE FOR

अनिल कुमार साह (प्रधान)
उपाध्यक्ष


## धनौजी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
धनौजी, धनुषा
२ न. प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ति सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०७७/१२/२५**

उपरोक्त सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाण्डौको प. स. २०७७/२०७८ च. न. १२६ मिति २०७७/०५/२३ को प्राप्त पत्रानुसार तथा स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन २०७७ अनुसार कोभिड-१९ अस्थायी अस्पताल संचालन गर्न र आ. व. २०७७/२०७८ को छैठो गाउँसभाको निर्णय बमोजिम कर्मचारी करारमा भर्ना गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका बिबरण र राजस्व तिरेका रसिद सहित यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ ।

| क्र.स. | बिज्ञापन न. | पद | संख्या | न्यूनतम शैक्षिकयोग्यता तथा अनुभव | दस्तुर रु. | परीक्षाको किसिम | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | ०४/२०७७-०७८ | MBBS | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको । | १०००/- | लिखित, अन्तरवार्ता | बढीमा २०७८ असार मसान्त सम्म (कार्यालयको आबश्यकतानुसार म्याद थप्न सकिने) |
| २. | ०५/२०७७-०७८ | B. Optomatry | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट B. Optmatry उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको । | १०००/- | लिखित, अन्तरवार्ता | बढीमा २०७८ असार मसान्त सम्म (कार्यालयको आबश्यकतानुसार म्याद थप्न सकिने) |
| ३. | ०६/२०७७-०७८ | Staff Nurse | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट ३ बर्षे Staff Nurse उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको । | ६००/- | लिखित, अन्तरवार्ता | बढीमा २०७८ असार मसान्त सम्म (कार्यालयको आबश्यकतानुसार म्याद थप्न सकिने) |
| ४. | ०७/२०७७-०७८ | कम्प्युटर अपरेटर | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण पत्र तह वा सो सरह तह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धी १ बर्षको तालिम प्राप्त । | ६००/- | लिखित, अन्तरवार्ता र कम्प्युटर सिप | बढीमा २०७८ असार मसान्त सम्म (कार्यालयको आबश्यकतानुसार म्याद थप्न सकिने) |
| ५. | ०८/२०७७-०७८ | सब इन्जिनियर | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित बिषयमा प्रमाण पत्र तह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धी १ बर्षको तालिम प्राप्त । | ६००/- | लिखित, अन्तरवार्ता | बढीमा २०७८ असार मसान्त सम्म (कार्यालयको आबश्यकतानुसार म्याद थप्न सकिने) |
| ६. | ०९/२०७७-०७८ | महिला उधमी सहजकर्ता | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण पत्र तह वा सो सरह तह उतिर्ण गरेको र कम्प्युटर सम्बन्धी ६ महिनाको तालिम प्राप्त । | ६००/- | लिखित, अन्तरवार्ता | बढीमा २०७८ असार मसान्त सम्म (कार्यालयको आबश्यकतानुसार म्याद थप्न सकिने) |
| ७ | १०/२०७७-०७८ | कार्यालय सहायक | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी. वा सो सरह तह उतिर्ण गरेको । | ६००/- | अन्तरवार्ता | बढीमा २०७८ असार मसान्त सम्म (कार्यालयको आबश्यकतानुसार म्याद थप्न सकिने) |
| ८. | ११/२०७७-०७८ | कार्यालय सहयोगी | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा आठ उतिर्ण । | ४००/- | अन्तर्वार्ता | बढीमा २०७८ असार मसान्त सम्म (कार्यालयको आबश्यकतानुसार म्याद थप्न सकिने) |
| ९. | १२/२०७७-०७८ | चौकीदार (पाले) | २ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा आठ उतिर्ण । | ४००/- | अन्तर्वार्ता | बढीमा २०७८ असार मसान्त सम्म (कार्यालयको आबश्यकतानुसार म्याद थप्न सकिने) |

**द्रष्टव्यः**

(क) **दरखास्त दिने अन्तिम मिति** :- सुचना प्रकाशित मितिले १५ दिन भित्र र सो दिन बिदा परेमा सो पछी कार्यालय खुलेका दिन कार्यालय समय सम्म ।

(ख) **परिक्षा मिति र स्थान** :- २०७८/०१/१२ गते कार्यालयको सुचना बोर्ड तथा कार्यालयको website मा प्रकाशित गरिने छ ।

(ग) **दरखास्त दस्तुर बुझाउने स्थान** :- नेपाल बङ्गलादेश बैंक , धनौजी शाखा (खाता न. आन्तरिक राजस्व खाता ०६८०००१३४१)

(घ) **दरखास्त साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु** (अ. लब्धांक पत्र, आ. चारित्रिक प्रमाणपत्र इ. बिदेशी शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि), अनुभव तथा तालिम सम्बन्धी कागजातर नेपाली नागरिकताको प्रतिलिपि एबं दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ ।

(ङ) दुइ प्रति पासपोर्ट साइजको फोटो ।

(च) प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वंयले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नुपर्नेछ ।

(छ) उम्मेदवारको उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ ।

यस सुचनामा उल्लेख नभएको अन्य कुरा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्तवमा रहेको उम्मेदवार छनौट तथा सिफारिश समितिले निर्धारण गरेको बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सतर्कता आवश्यक

संसारमा कोरोना भाइरस संक्रमण अन्त्य भइसकेको छैन् । सन् २०२०मा देखिएको कोरोना भाइरसको संक्रमण २०२१ मा अर्को रुपधारणगरि आएकोछ । खासगरि अति विकसित राष्ट्रहरुमा कोरोना भाइरसको संक्रमण बढी देखिएकोछ । त्यसको दुईवटा कारण मानिएकोछ । पहिलो व्यापक रुपमा परीक्षण र तथ्यपरक तथ्यांक सार्वजनिक, दोस्रो कोरोना भाइरसको संक्रमणलाई वेवास्ता गरिनु ।नेपालको दक्षिणी छिमेकी भारतमा कोरोना भाइरसको संक्रमण फेरी बढन थालेकोछ । विशाल जनसंख्या भएको भारतमा कोरोना भाइरसको संक्रमणलाइ नियन्त्रण गर्नु अत्यन्त चुनौतीपुर्ण हो । भारतमा फैलिएको संक्रमण संसारभरि फैलिन धेरै समयपनि लाग्दैन् ।संसारको प्राय :सबै देशमा भारतबाट मानिसहरुको आवतजावत भइरहन्छ । मानिसबाट सर्ने भएकाले कोरोना भाइरस सर्ने क्रम नेपालमा कुनै बेला बढन सक्ने जोखिम छ । भारतसित रहेको नेपालको खुल्ला सम्बन्धको कारण दैनिक हजारौ मानिस ओहरदोहर गरिरहन्छन् । निर्वाध रुपमा भइरहने आवतजावतले कोरोना भाइरसको संक्रमण फैलाउने ठूलो कारण हुन सक्छ । कोरोना भाइरसबाट जोगिन मानिसहरुलाई अहिले खोपपनि दिन थालिएकोछ । संसारका अधिकांश देशहरुमा कोरोना बिरुद्धको खोप लगाउन थालिएकोछ । नेपालमा भने पहिलो चरणमा भारतले दिएको खोप लगाइएको थियो । दोस्रो चरणमा चीनले उपलब्ध गराएको खोप लगाइनेछ । कोरोना भाइरसको खोपबाट जोगाउन खोप एउटा साधन हो । नेपालमा सबै नागरिकलाई खोप लगाउन अहिले धेरै समय लाग्न सक्छ । त्यसकारण हरेक मानिसले स्वास्थ्य सम्बन्धी निर्देशिकाहरुको पालना अनिवार्य रुपमा गर्नुपर्छ । स्वास्थ्य मन्त्री ह्रदयेश त्रिपाठीले कोरोना भाइरसको संक्रमणको जोखिम उच्च रहेकोले सावधानी अपनाउन देशवासीमा आग्रह गरेका छन् । मास्क लगाउने, समाजिक दुरी कायम गर्ने लगायतका निर्देशनहरुको पालना गरेर कोरोना भाइरसको संक्रमणबाट स्वयं जोगिने र अरुलाईपनि जोगाउन सकिनेछ । कोरोना भाइरसको संक्रमणबाट संसारमा लाखौ मानिसको ज्यान गइसकेको छ । प्रभावित भएका करोडौ मानिसहरु हुन् । कोरोना भाइरस संक्रमणको कारण संसारमा खर्बौ रुपैयाको क्षति भएकोछ । झण्डै एक वर्ष लकडाउन हुँदा नेपालमा मात्रपनि खर्बौको क्षति भएको हो । संसारकै अर्थव्यवस्थालाई नराम्ररी प्रभावित गरेको कोरोना भाइरसबाट जोगिन स्वास्थ्य मापदण्डहरुको पालना आवश्यक छ । स्वास्थ्य सम्बन्धी निर्देशिकाहरुको पालना नगरि लापर्वाहीगर्दा परिणाम घातक हुन सक्ने संभावना विद्यमान छ । कोरोना भाइरसको जोखिमलाई न्युनिकरण गर्न सरकारको भन्दा आमनागरिकको भूमिका महत्वपूर्ण छ । देशमा राजनीतिक अस्थिरता रहेको समयमा कोरोना भाइरसको संक्रमण फैलिए नियन्त्रणमा समेत समस्या आउन सक्छ । कोरोना भाइरसको संक्रमणबाट बच्ने प्रभावकारी उपायहरुमध्ये मास्क लगाउने र समाजिक दुरी २ मिटर कायम गर्ने हो । तर समाजिक दुरीलाई नेताहरुले नै कायम गर्न दिएका छैनन् ।राजनीतिक कार्यक्रमहरुको आयोजनागरि भीड जुटाउन थालेपछि समाजिक दुरीको निर्देशनको पालना हुन सकिरहेको छैन् । राजनीतिक कार्यक्रमहरुमा सहभागि हुने नेता, कार्यकर्ताले मास्क लगाउन छाडेपछि आमनागरिकलेपनि मास्कको प्रयोग गर्न छाड्न थालेका छन् । तर स्वास्थ्य सम्बन्धी निर्देशिकाको पालना नै सबैको हितमा हुनेछ ।

# राक्षस भनेर कसैलाई गाली नगर्ने कि ?



सञ्जय मित्र

एकजना विद्वानले आफ्नो गहन प्रवचनको क्रममा भने - चार वर्षअघि म राक्षस थिएँ, अहिले मान्छे भएको छु । उनको बोलीमा राक्षसप्रति घृणा थियो । आफूप्रति अहिले गर्व । उनले अरुहरुतिर प्रश्न तेस्र्याउँदै भने - तपाईँहरुमध्ये कतिजना राक्षस हुनुहुन्छ ?

**कोही पनि बोलेनन् ।**

एउटै मान्छे चार वर्ष पहिले राक्षस हुने र अहिले मान्छे हुने कसरी ? फेरि कोही किन आफूलाई राक्षस भनेर देखाउन सकेनन् ? के कोही पनि माछा मासु खाँदैनथे ? कि खाए पनि आफूले संकेत गर्दा राक्षस भनेर सबैले चिन्ने हुन्छन् भन्ने डर थियो ? अरुले राक्षस भनेर चिन्दा डराउनु पर्ने वा लाज मान्नु पर्ने हो ? हो भने किन ? र होइन भने पनि किन ? यस्ता प्रश्नहरु मनमा उठ्नु स्वाभाविक हो । के राक्षस हुनु लाजमर्दो कुरो हो त ?

कसैलाई गाली गर्दा उसलाई राक्षस भनेर सहजै भन्ने चलन छ । अर्थात् राक्षस भन्ने शब्द एउटा गालीको प्रतीक भइसकेको छ । यसै कारणले अहिले आफूलाई कसैले राक्षस स्वीकार्दैन । कसै कसैले विगतमा आफू राक्षस भएको बताउँछन्, जसरी माथिको भनाइमा विद्वानले पनि बताएका छन् । पहिले राक्षस रहेको व्यक्ति अहिले मान्छे भएको बताउँदा प्रवृत्तिको पक्ष अगाडि आउँछ । आफूले अहिले जुन दृष्टिकोणले राक्षस भनेर नराम्रो मान्ने गरेको छ सोही प्रवृत्ति आफूमा पहिले थियो भन्ने स्वीकारोक्ति हो हैनभने एउटै व्यक्ति चार वर्षअघि राक्षस रहेको र अहिले मानव भएको बताउँदा अन्य दृष्टिले यसको पुष्टि हुँदैन ।

राक्षसलाई दैत्य पनि भन्ने गरेको पाइन्छ । लोकजीवनमा दैत्य भनेको त्यस्तो जीव थियो जो धेरै खान्थ्यो र धेरै काम गर्थ्यो भन्ने रहेको छ । फलानो ठाउँको पोखरी त एकै रातमा दैदनवा (दानव/राक्षस)ले खनेको हो भन्ने बूढापाकाहरु समाजमा अझै पनि छन् । यहाँ त राक्षसलाई सम्मानकै नजरले हेरिएको पाइन्छ । यस अर्थमा राक्षस सधैं अपमानको शब्द होइन । राक्षसले गरेको कतिपयको कामको सम्मान समाजले अहिले पनि गर्ने गरेको छ भन्ने सामाजिक दृष्टान्तहरु यत्रतत्र रहेका छन् ।

राक्षस भनेर गाली गर्दा कोही प्रतिकार गर्ने नभएपछि यसको चलन बढेको होला । जसलाई राक्षस भनेर गाली गरिन्छ, ऊ गाली गर्नेभन्दा कमजोर हुन्छ वा त्यहाँ उपस्थित हुँदैन । कमजोरलाई जे भनेर गाली गर्दा पनि प्रतिकार नगर्ने भएको वा सहजै स्वीकारेर थप गाली खानबाट जोगिएको पनि हुनसक्छ ।

अर्को एउटा प्रवृत्ति के रहेको छ भने जसले माछा, मासु धेरै खान्छ, उसलाई राक्षस भनिदिन्छ । कसै कसैले आफूलाई पनि माछा र मासु धेरै मन पर्ने भएकोले वा धेरै खाने भएकोले आफूलाई नै यस किसिमको प्रवृत्तिको दृष्टिकोणले हेप्नुपर्दा राक्षसको संज्ञा दिन्छन् । यस प्रवृत्तिबाट के स्पष्ट हुन्छ भने राक्षस जाति मासु बढी मन पराउने जाति थियो । अहिले पनि मासु मन पराउने जातिहरु धेरै छन् । जातिको कुरो नगर्ने हो भने पनि सहरदेखि गाउँसम्म, वृद्धदेखि बालसम्मका लागि मासु स्वादवर्द्धक मानिन्छ । यसै कारण मासु र माछाको माग अत्यधिक रहेको छ । तर सबैलाई राक्षस भनिएको पाइन्न र राक्षस भन्ने वित्तिकै सामान्यतया ठूलो दाँत भएको, फोहोरी तथा ठूलो हाइट भएको कालो वर्णको बुझ्दछौँ जो मानिसभन्दा विशेष हुन्छ । अर्थात यो बुझाइ पनि गलत छ ।

आचार्य चतुरसेनको विचारमा राक्षस एउटा जाति थियो । वयं रक्षामः ग्रन्थमा आचार्य के तर्क दिन्छन् भने जब उनीहरु चारैतिरबाट सत्ताबाट वञ्चित हुँदै गए, जातिको नाउँमा दमन बढ्यो तब उनीहरुले बसाइँको ठाउँ परिवर्तन गर्दै आफ्नो जातको नाम पनि बदल्दै गए । ठाउँअनुसार अरु जातमै आफूलाई बिलिन गराए । त्यहीको चलन अनुसार आफूलाई परिमार्जित गरे । अहिलेको अवस्थामा को चाहिँ राक्षसा हो र को चाहिँ राक्षस होइन भनेर छुट्याउन सजिलो छैन । र राक्षस भन्नासाथ ठूलो दाह्रा भएका भनेर पनि बुझाउने प्रवृत्ति नै गलत हो ।

राक्षसलाई एउटा प्रवृत्तिको रुपमा लिनु वा परिचय दिनु पनि अरुलाई अपमान गर्ने संस्कारको द्योतक हो । यदि कसैलाई हामीले सकारात्मक कुरा गरिरहन्छौँ भने उसले सकारात्मक कुरा बढी सिक्छ । हामीले गर्ने गालीको संस्कारले पनि हाम्रो पुस्ता प्रभावित हुन्छ । एक छिनको लागि मानौँ कुनै जमानामा राक्षस जाति नराम्रो संस्कारको थियो रे तर अहिले त अस्तित्वमा त छैनन् नि । अहिले कुन जाति चाहिँ खराब छ र कुन जाति चाहिँ उत्तम छ भनेर तर्क, बहस र विचार प्रस्तुत गर्ने समय नै छैन । मानिसभन्दा ठूलो कोही छैन । सबै जातले आफूमाथि गर्व गर्न पाउनु पर्छ र गर्ने वातावरण पनि बनेको छ । हरेक जातिमा असल र खराब आचरण भएका मानिस हुन सक्छन् । जाति वा जन्मको आधारमा कोही ठूलो र कोही नीच हुने भन्ने सोचाइ अब नत्यागी हुन्न । परिचयको परिष्कार अब युग सुहाउँदो हुनुपर्छ ।

मानिस त मानिस हो नि । मानिसलाई मानिस मानेपछि राक्षस भनेर कुनै निश्चित जात भनेर तोकेर गाली नगरौँ । शायद जुन वृत्ति वा बानी देखेर हामी कसैलाई राक्षस शब्दले डाम्दछौँ, त्यो वृत्तिलाई परिवर्तन गर्ने अरु उपायको खोजी गरौँ । कहिलेकाहीँ हामीले आफ्ना बालबालिकालाई पनि यही गाली गर्छौँ । बालबालिकाले पनि यही धारणा राक्षसबारे पाउँछन् जुन पूर्णतः अवैज्ञानिक र गलत छ । नजानिँदो किसिमले अवैज्ञानिक गाली गरेर हामीले गालीमार्फत बालबालिकामा अन्धविश्वासको बीउ रोपिरहेका छौँ । हामी अन्धविश्वासको बीउ रोप्छौँ भने त्यही बीउ विरुवा हुँदै रुखको रुपमा विकास र विस्तार हुने हो । छोटकरीमा के भन्न सकिन्छ भने बालबालिकालाई राक्षस भनेर गाली गर्नु जति अनुचित छ, त्यत्तिकै कोही मांसाहारी व्यक्तिलाई पनि राक्षस भन्नु नाजायज छ । हामी आफूलाई सम्मान गर्दछौँ भने अरुलाई पनि सम्मानको दृष्टिले हेर्नु पर्दछ । बिनाकारण अरुलाई गाली गरेको वा हेपेको हो भनी हेक्का राख्नु उचित हुन्छ ।

राक्षस आफैमा अपमानजनक शब्द होइन । कतिपयले रावणलाई जन्मको आधारमा बाहुन भएको र ठूला भएपछि आफूलाई राक्षस जातिको बनाएको पनि मान्ने गरेका छन् । यो पनि दृष्टिकोण हो । रावणका पिता बाहुन भएको र माता राक्षस भएको पनि बताउनेहरु छन् । उसो भए त रावण वंशको आधारमा स्वतः ब्राह्मण हो नि । अनि किन राक्षस भन्ने ? हाम्रो समाजमा अझै पनि माताको कुनै जात नहुने वा माता जुन जातको भए पनि हुने र पिताको जातको आधारमा नै जन्मनेको जात निर्धारण हुने समाज रहेको छ, संस्कृति रहेको छ वा हामीकहाँको चलन रहेको छ । यसले गर्दा राक्षस भन्नासाथ हेय नै हुन्छ भन्ने होइन । अर्को दृष्टान्त पनि छ कि हिरण्यकशिपु राक्षस थिए र उनका छोरा प्रह्लादको पूजा गर्दछौँ । प्रह्लाद विष्णुका भक्त थिए । जातको आधारमा मात्र घृणा हो भने भक्त प्रह्लादप्रति पनि नराम्रो भाव आउनुपर्ने हो तर भक्त प्रह्लादप्रति सामान्यतया कसैको पनि नराम्रो भाव आउँदैन र प्रह्लादका पिता हिरण्यकशिपुप्रति श्रद्धाभाव सितिमिति आउँदैन । यहाँनेर जातको आधारमा होइन कि कर्मको आधारमा श्रद्धा वा घृणाको भाव आउने रहेछ भन्ने स्पष्ट भएको देखिन्छ ।

वास्तवमा कुनै पनि मानिसलाई उसको जातको आधारमा गाली गर्नु वा हेप्नु मानवताविरोधी कार्य हो । सम्भवतः हामीले राक्षस जातिलाई गालीको शब्दको रुपमा प्रयोग गर्दा कतै राक्षस जातिको दर्शन, कर्म, विज्ञान र अन्य पक्षबारे जान्नबाट आफूलाई रोक्दछौँ । यदि यस्तो हो भने मानिस वा आफूलाई मानव भन्न रुचाउनेले नजाँनिदो किसिमले आफूलाई अहंकारको एउटा अन्धकारतिर धकेलेको छ । एउटा अनुचित कार्यलाई बढावा दिएको छ ।

यस किसिमको प्रवृत्तिलाई मानिसको फराकिलो चिन्तनलाई केही संकुचित बनाउने हुन्छ । मानिसलाई उसको प्रगतिको बाटोलाई अलिकति भए पनि कमजोर बनाउने हुन्छ जुन उसको लागि अलिक नहुसाउँदो हो । राक्षसलाई गाली वा अपमानको शब्दको रुपमा प्रयोग गर्नुहुन्न भन्ने मलाई लागेको छ किनभने कोही पनि जन्म वा जातको आधारमा राम्रो वा नराम्रो हुँदैन भन्ने आज पनि मलाई लागिरहेको छ । जसरी समग्रमा मानिसभन्दा ठूलो कोही होइन, त्यसरी नै कर्मभन्दा अरु केही पनि ठूलो परिचायक हुन सक्दैन ।

“ कसैलाई गाली गर्दा उसलाई राक्षस भनेर सहजै भन्ने चलन छ । अर्थात् राक्षस भन्ने शब्द एउटा गालीको प्रतीक भइसकेको छ । यसै कारणले अहिले आफूलाई कसैले राक्षस स्वीकार्दैन । कसै कसैले विगतमा आफू राक्षस भएको बताउँछन्, जसरी माथिको भनाइमा विद्वानले पनि बताएका छन् । पहिले राक्षस रहेको व्यक्ति अहिले मान्छे भएको बताउँदा प्रवृत्तिको पक्ष अगाडि आउँछ । आफूले अहिले जुन दृष्टिकोणले राक्षस भनेर नराम्रो मान्ने गरेको छ सोही प्रवृत्ति आफूमा पहिले थियो भन्ने स्वीकारोक्ति हो हैनभने एउटै व्यक्ति चार वर्षअघि राक्षस रहेको र अहिले मानव भएको बताउँदा अन्य दृष्टिले यसको पुष्टि हुँदैन । राक्षसलाई दैत्य पनि भन्ने गरेको पाइन्छ । लोकजीवनमा दैत्य भनेको त्यस्तो जीव थियो जो धेरै खान्थ्यो र धेरै काम गर्थ्यो भन्ने रहेको छ । फलानो ठाउँको पोखरी त एकै रातमा दैदनवा (दानव/राक्षस)ले खनेको हो भन्ने बूढापाकाहरु समाजमा अझै पनि छन् । यहाँ त राक्षसलाई सम्मानकै नजरले हेरिएको पाइन्छ । यस अर्थमा राक्षस सधैं अपमानको शब्द होइन । राक्षसले गरेको कतिपयको कामको सम्मान समाजले अहिले पनि गर्ने गरेको छ भन्ने सामाजिक दृष्टान्तहरु यत्रतत्र रहेका छन् । राक्षस भनेर गाली गर्दा कोही प्रतिकार गर्ने नभएपछि यसको चलन बढेको होला । जसलाई राक्षस भनेर गाली गरिन्छ, ऊ गाली गर्नेभन्दा कमजोर हुन्छ वा त्यहाँ उपस्थित हुँदैन । कमजोरलाई जे भनेर गाली गर्दा पनि प्रतिकार नगर्ने भएको वा सहजै स्वीकारेर थप गाली खानबाट जोगिएको पनि हुनसक्छ ।

# अमेजनले क्षमा माग्यो

**बीबीसी**

अनलाइनको विशाल विक्रेता अमेजनले उसका चालकहरू बेलाबेलामा प्लास्टिकका बोतलमा पिसाब फेर्न बाध्य रहेको भन्ने विषयमा झुटो बोलेकोमा एकजना अमेरिकी राजनीतिकर्मीसमक्ष माफी मागेको छ ।

विस्कन्सिनबाट प्रतिनिधित्व गर्ने डेमोक्र्याटिक पार्टीका नेता मार्क पोकनले 'अमेजनले आफ्ना कर्मचारीलाई पानीको बोतलमा पिसाब फेर्न' लगाएको भन्दै ट्वीट गरेका थिए ।

त्यसपछि अमेजनको औपचारिक ट्विटर अकाउन्टबाट जबाफमा भनिएको थियो, “यदि त्यो साँचो हुँदो हो त हाम्रा लागि कोही काम गर्ने थिएन ।“तर चालकहरूले बोतलमा पिसाब फेर्नुपरेको प्रमाण सार्वजनिक हुन थालेपछि अमेजनले अहिले माफी मागेको छ ।

अमेजनले एक विज्ञप्ति जारी गर्दै भनेको छ, “जनप्रतिनिधि पोकनसँग हामी माफी माग्छौं ।““हाम्रो ट्वीट सही थिएन। त्यसले ठूलो संख्यामा रहेका चालकहरूबारे सही कुरा गरेन। हामी हाम्रा विभिन्न सामग्री राखिने केन्द्रहरूमा केन्द्रित भयौं ।“

उनले त्यस्ता केन्द्रहरूमा दर्जनौं शौचालयहरू रहेको र कर्मचारीले 'जुनसुकै समयमा' ती प्रयोग गर्न पाउने बताएको छ । अमेजनले उसको अलाबामास्थित एउटा प्रमुख केन्द्रमा कर्मचारीहरूले युनियन बनाउन गरेको प्रयत्नको विरोध गरेको भन्दै पोकनले आलोचना गरेका थिए ।




उनले गत हप्ता लेखेका थिए, “युनियन बनाउन नदिने र कामदारलाई पानीको बोतलमा पिसाब फेर्न लगाउने एमेजन 'कर्मचारीलाई प्रति घण्टा १५ डलर दिँदैमा 'प्रगतिशील कार्यस्थल' हुँदैन ।

त्यसलगत्तै अमेजनको औपचारिक अकाउन्टबाट प्रतिक्रिया आएको थियो, “बोतलमा पिसाब फेर्ने कुरालाई तपाईँ विश्वास गर्न सक्नुहुन्न, सक्नुहुन्छ त? यदि त्यो साँचो हुँदो हो त हाम्रा लागि काम गर्ने कोही पनि हुँदैनथ्यो ।“

त्यसपछि कैयौँ मिडियामा कैयौँ अमेजन कर्मचारीले कामका बेला कुनै विकल्प नभएपछि प्लास्टिक बोतलमा पिसाब फेर्नुपर्ने बाध्यतामा पर्ने गरेको भन्ने समाचार छापिएका थिए ।

उनीहरूले केन्द्रहरू र 'डेलिभरी ड्राइभर'का रूपमा निरन्तर काम गरिरहनुपर्ने अवस्थाबारे पनि बोलेका थिए ।द इन्टरसेप्टले अमेजनका कार्यकारीहरू यो अवस्थाबारे जानकार रहेको आन्तरिक दस्तावेज आफूले प्राप्त गरेको बताएको थियो ।

अमेजनले गल्ती स्वीकार गरेको विज्ञप्तिमा भनेको छ, “कहिलेकाहीँ ट्राफिकका कारण अथवा ग्रामीण भेगका कारण र खासगरी कोभिडका कारण धेरै सार्वजनिक शौचालयहरू बन्द रहँदा चालकहरूलाई समस्या परेको हामीलाई थाहा छ ।“उसले “धेरै समयदेखि यस्ता उद्योगमा त्यस्ता समस्या रहेको भन्दै समस्या समाधान गर्न चाहेको“ बताएको छ ।

पोकनले शनिवार माफी अस्वीकार गर्दै ट्विट गरेका छन्, “उफ्! त्यो मेरो बारेमा होइन तिम्रा (अमेजनका) कर्मचारीबारेमा हो- जसलाई तिमीले उचित र सम्मानपूर्ण व्यवहार गरिरहेका छैनौ। तिम्रा सबै कर्मचारीलाई राम्रो काम गर्ने वातावरण नभएको स्वीकार गर र सबैका लागि त्यो समस्याको समाधान खोज अनि उनीहरूलाई कुनै हस्तक्षेप नगरी युनियन खडा गर्न देऊ ।“

बेसमर र अलाबामाका अमेजन कामदारले गत हप्ता उनीहरू खुद्रा, होलसेल र डिपार्टमेन्ट स्टोर युनियनमा प्रतिनिधित्व गर्न चाहन्छन् कि भन्नेबारे ऐतिहासिक मतदान गरेका छन् ।

त्यो प्रयत्नलाई अमेजनले विरोध गरेको छ ।आगामी हप्ता उक्त मतदानको परिणाम आउने अपेक्षा राखिएको छ ।यदि उनीहरूले हुन्छ भन्ने पक्षमा मतदान गरे भने त्यो अमेजनको पहिलो अमेरिकी युनियन हुनेछ ।अमेजनका युरोपेली कार्यालयमा काम गर्ने कर्मचारीहरू युनियनमा आबद्ध भए पनि अमेरिकामा त्यो कार्य हालसम्म अमेजनले रोक्दै आएको छ ।

# संक्रमणको जोखिमलाई बेवास्ता नगरौ



डा अनुप बास्तोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस संक्रमण नियन्त्रणका लागि पुनः सावधानी अपनाउन आग्रह गरेको छ। मन्त्रालयले विज्ञप्ति जारी नै गरी देशभर भीडभाड हुने कुनै गतिविधि नगर्न भन्दै सामाजिक/भौतिक दूरी कायम राख्न, मास्कको अनिवार्य प्रयोग र साबुन पानीले हात धुन तथा सेनिटाइजर प्रयोग गर्न अनुरोध गरेको हो । झट्ट सुन्दा/हेर्दा धेरैलाई यो फेरी बन्देज किन लगाउनुपर्‍यो भन्ने लाग्न पनि सक्छ। अहिले कोरोना भाइरस संक्रमणको जोखिमलाई बेवास्ता गर्दै हामी जसरी निर्धक्क हिडिरहेका छौं र जोखिम कम हुँदै गएको महसुस गरेका छौँ, त्यसले जोखिम झनै बढाउन सक्छ। यस्तो अवस्थामा फेरी किन सावधानी अपनाउनु भन्ने लाग्न स्वाभाविक हो। तर यसको कारण छ ।

पछिल्लो समय युरोपेली देश मात्र होइन छिमेकी देश भारतमा पनि कोरोना संक्रमणको नयाँ अध्याय सुरु भएको छ भन्दा फरक नपर्ला। त्यस्तै असर नेपालमा पनि पर्न सक्छ। किनकी हाल मेरो जानकारीमा आएको एउटा घटनाले झस्काएको छ। फागुन ७ गते एउटा होटलमा करिब ५० जनाको जमघट भएको थियो। उक्त हलमा हावा आवत जावत हुने कुनै ठाउँ थिएन ।

हलमा भित्रिने र बाहिरिने एउटै ढोका मात्र थियो। जमघट र खानपिन साँझ ६ बजेदेखि राति ११ बजेसम्म चल्यो। त्यसको एक सातापछि त्यही भेटघाटमा पुग्नु भएका एक व्यक्ति ज्वरो, खोकी र श्वास फेर्न समस्या भएपछि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा भर्ना हुनुभयो ।

उहाँमा कोरोना भाइरस पोजेटिभ देखिनुका साथै निमोनिया भइसकेको थियो। पाँच दिनको उपचारपछि उहाँ निको भएर घर फर्कनुभयो। तर अत्याउने किसिमको तथ्यांक त त्यो आएको थियो। जुन जमघटमा पुगेपछि पिसिआर गरेका ४० मध्ये १९ जनामा कोरोना भाइरसको संक्रमण देखियो। जसमध्ये ७ जना अस्पतालमा भर्ना पनि भए ।

त्यो जमघटमा पुगेका मेरो एक जना आफन्त पनि निमोनिया देखिएपछि शुक्रराज अस्पतालमै चार दिन उपचार गराएपछि निको हुनुभयो। उहाँलाई एक दिन मात्र ९९ डिग्रि फरेनहाइट ज्वरो आयो तर खोकी पटक्कै थिएन। १० दिनपछि निमोनिया देखियो। ५ घण्टा एउटा जमघटनमा भेला भएका ५० मध्ये १९ जना संक्रमित हुनु र ७ जना अस्पतालमा भर्ना हुनु सामान्य कुरा होइन ।

यसले कोरोना भाइरसको संक्रमण फरक ढंगले हुँदैछ की भन्ने आशंका बढाएको छ। यो भाइरस कति संक्रामक किसिमको होला भनेर चिन्ता लिन जरुरी छ। त्यसैले तपाईहरु मनन गर्नुहोस्, जनस्वास्थ्य मापदण्डको पालना कत्तिको आवश्यक छ। त्यसैले भोजभतेर, भीडभाड सकेम्म नगरौं। जनस्वास्थ्यको मापदण्ड पालना गरौं ।सौजन्य :स्वास्थ यखबर

# मन्त्री तुम्बाहाङफेका सय दिनका उपलब्धि

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री डा शिवमाया तुम्बाहाङ्फेले व्यक्तिले कब्जा गरेका कतिपय जग्गा सरकारको नाममा फिर्ता ल्याउने कार्यलाई सबैभन्दा ठूलो उपलब्धिका रुपमा लिएको बताउनुभएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी सम्हालेको १०० दिन पुगेको अवसरमा आयोजित पत्रकार सम्मेलनमा उहाँले दूषित मनसाय राखेर गैरकानूनी रुपमा व्यक्तिले दर्ता गराएका जग्गालाई सरकारले फिर्ता ल्याएरै छाड्ने दृढता व्यक्त गर्नुभयो ।

मन्त्री तुम्वाहाङफेले भन्नुभयो, सरकारी, सार्वजनिक तथा गुठी जग्गाको छानबिन गर्न गठित आयोगमा पर्न आएका उजुरी छानबिन गरी ३९ बिघा १५ कट्ठा जग्गा नेपाल सरकारको नाममा फिर्ता ल्याइएको छ । जग्गाधनी, लेखापढी व्यवसायी र कर्मचारी इमान्दार भएमा बिचौलियाका नाममा हुने आर्थिक चलखेल सहजरुपमा रोक्न सकिने बताउँदै मन्त्री तुम्वाहाङ्फेले भूमि व्यवस्थापनका क्षेत्रमा जति समस्या छ त्यति नै उपचारका बाटा रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, आयोगबाट तयार भएका विभिन्न २३ वटा प्रतिवेदन मन्त्रालयमा प्राप्त भई कार्यान्वयनको लागि आवश्यक तयारी भइरहेको छ, व्यक्तिको नाममा दर्ता हुन गएको बाँके जिल्लाको १७ बिघा र काठमाडौं गोकर्णेश्वर गुठीअन्तर्गत रहेको आठ रोपनी तीन आनासमेत गरी ४३९ बिघा जग्गा नेपाल सरकारको नाममा



फिर्ता ल्याइएको छ ।

बालुवाटारस्थित ललितानिवास परिसरभित्र कुनै पनि घरटहरा निर्माणका लागि नक्सा पाससम्बन्धी कार्य नगर्ने नगराउने र कानूनविपरीत घरटहरा निर्माण भइरहेको भए निर्माण कार्य रोक्का गर्ने निर्णय भएको पनि पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

बोर्ड, समिति तथा अन्य सङ्घसंस्थाले नेपाल सरकारबाट भाडामा लिएको जग्गा तेस्रो व्यक्ति वा सङ्घसंस्थालई भाडामा दिन नपाउने व्यवस्था गरिएको जानकारी दिइयो । ललितपुर महानगरपालिका-३ पुलचोकस्थित राष्ट्रिय सहकारी विकास बोर्डको स्वामित्वमा रहेको १४ रोपनी जग्गा सिजी डेभलपर्स प्रालिले लिजमा लिई कार्य गर्न करार सम्झौता भएकामा सिजीले सम्झौता कार्यान्वयन गर्न नसकेकाले करार सम्झौता रद्द गरी बैंक सुनिश्चितसमेत जफत गर्ने निर्णय गरिएको जानकारी दिइयो ।

उहाँले भू-स्वामित्व र जग्गा दर्ता प्रणालीलाई थप विश्वसनीय, भरपर्दो र वैज्ञानिक बनाउन हाल प्रचलित लिखत दर्ता प्रणालीबाट हकदाबी दर्ता प्रणालीमा परिवर्तन र स्तरोन्नति गर्ने निर्णय भई लागू गर्ने सन्दर्भमा अध्ययनको चरणमा रहेको जानकारी दिनुभयो । मन्त्रालयको संरचना, सेवा प्रवाह प्रणाली, जनशक्ति व्यवस्थापन र सेवा समूहलगायत विषयको विस्तृत अध्ययन गरी मन्त्रालयको समस्त पुनःसंरचनाको खाका तयार गर्न कार्यदल गठन गरी अध्ययन भइरहेको पनि सो अवसरमा जानकारी दिइयो ।

मन्त्रालयका सचिव टेकनारायण पाण्डेले जग्गाको मूल्याङ्कनमा एकरुपता ल्याउन जग्गाको वैज्ञानिक मूल्य निर्धारण प्रणाली अवलम्बन गर्ने निर्णय भएको तथा जग्गाको हदबन्दीलाई समयसापेक्ष बनाउन भूउपयोग वर्गीकरण र स्थानीय तह (भूगोल)अनुरुप जग्गाको हदबन्दी पुनःनिर्धारण गर्ने निर्णयअनुसार आवश्यक कार्य भइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, भूमिसम्बन्धी समस्या समाधान आयोगको देशभर ७७ वटै समिति गठन भएको तथा आयोगद्वारा स्थानीय तहसँगको सहकार्यमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत सङ्कलन, नाप नक्साङ्कन र अभिलेखन कार्यक्रमअन्तर्गत ६०४ स्थानीय तहसँग सम्झौता भइसकेको छ ।

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत सङ्कलनका लागि भूमिसम्बन्धी समस्या समाधान आयोगबाट केन्द्रबाटै दैनिक सङ्कलन भएको तथ्याङ्क प्राप्त गर्न सक्ने गरी विकास गरी प्रयोगमा ल्याइएको सो अवसरमा जानकारी दियो ।

भूमिसम्बन्धी समस्या समाधान आयोगले गर्नुपर्ने नापनक्सासम्बन्धी कार्यको लागि १३० सर्भेक्षक र २४२ अमिन छनोट गरी तालीम प्रदान गरिएको जनाउँदै मन्त्रालयले गाउँब्लक नापीलाई व्यवस्थित, पारदर्शी एवं एकरुपता कायम हुने गरी नापनक्सा गर्न गाउँब्लक नाप जाँचसम्बन्धी निर्देशिका २०७७ जारी गरिएको जानकारी दिएको छ ।

महोत्तरीको गौशाला र कीर्तिपुरको केही जग्गाधनीलाई गाउँब्लक नापी सम्पन्न गरी जग्गाधनी पूर्जा वितरणसमेत भएको जनाइएको छ । अनलाइन प्रविधिबाट छिटो, छरितो, विश्वसनीय एवं प्रभावकारी ढङ्गबाट जग्गासम्बन्धी कारोवार गर्न वा भू-सेवा केन्द्र थप ९० वटा कार्यालयमा सञ्चालन गर्ने कार्य भइरहेको पनि बताइएको छ ।

मुलुकका २५ वटा स्थानीय तहबाट भू-सेवा केन्द्रबाट जग्गा प्रशासनसम्बन्धी कार्य सञ्चालनमा रहेको तथा १२६ भूमिसुधार तथा मालपोत कार्यलयमध्ये डिजिटल प्रविधिबाट जग्गा कारोवार हुन बाँकी १८ कार्यालयमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली सञ्चालनका लागि कार्य प्रारम्भ भएको बताइएको छ ।

जग्गाको द्वैध स्वामित्व अन्त्य गर्नको लागि मोही लागेको जग्गाको जग्गाबाला र मोहीबीच जग्गा बाँडफाँड गरी कार्य टुङ्गो लगाइसक्नुपर्ने अवधि २०७८ पुस मसान्तसम्म तोकिएको तथा निवेदन दिनुपर्ने म्यादभित्र निवेदन नपरेको जग्गाको हकमा भूमिसम्बन्धी नियममा भएको व्यवस्थाबमोजिम हुने गरी निर्णय भई राजपत्रमा प्रकाशन गरिएको पनि जानकारी दिइयो ।

भूमिसुधार तथा मालपोत कार्यालयमा रहेका जग्गा धनी दर्ता र सेस्ता र मोठलाई कम्प्युटर प्रविधिमा आवद्ध गरी सुरक्षित भण्डारण गर्न स्क्यानिङ्ग गरी डिजिटल रुपान्तरण गर्ने कार्य २५ कार्यालयमा भएको बताइएको छ ।

अत्याधुनिक लाइडार प्रविधिबाट नाप नक्सा गर्नको लागि पश्चिम नेपालका तराईका जिल्लामा नारायणी नदी पश्चिम र महाकाली पूर्व आवश्यक पूर्वाधार तयार गरिएको तथा तथ्याङ्क प्रशोधनका लागि अत्याधुनिक तथ्याङ्क केन्द्र तयार भएको र सर्वेक्षण कार्यका लागि हवाई उडान गर्न आवश्यक तयारी भैरहेको बताइएको छ ।

सहकारी नियमन एवं प्रवर्द्धनलाई प्रभावकारी तुल्याउन तथा एकीकृत तथ्याङ्कीय आधार सिर्जना गरी तत्काल सूचना उपलब्ध हुने व्यवस्था गर्न निर्माण भएको सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा दुई हजार सहकारी संस्थाका पाँच लाख सदस्यको विवरण आबद्ध गरिएको पनि पत्रकार सम्मेलनमा जानकारी दिइयो ।रासस

# कर्णाली प्रदेश सरकारबाट बाहिरियो एमाले



कर्णाली । नेकपा (माओवादी केन्द्र) का नेता मुख्यमन्त्री महेन्द्रबहादुर शाही नेतृत्वको सरकारबाट नेकपा (एमाले) बाहिरिएको छ । कर्णाली प्रदेशसभा संसदीय दलको बैठकको निर्णयअनुसार सरकारमा सहभागी तीन मन्त्रीले मंगलबार राजीनामा दिएसँगै औपचारिक रुपमा एमाले सरकारबाट बाहिरिएको हो । एमाले प्रदेशसभाको ठूलो दल हो ।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला नेतृत्वमा सरकारमा सहभागी मन्त्रीले मुख्यमन्त्री शाहीलाई संयुक्त राजीनामा बुझाएका हुन् ।

सरकारमा मन्त्री ज्वालाका साथै सामाजिक विकासमन्त्री दल रावल र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नन्दसिं बुढा सहभागी हुनुहुन्थ्यो । सात सदस्यीय कर्णाली प्रदेश सरकारमा अब मुख्यमन्त्रीसहित माओवादी केन्द्रका तीन मन्त्री रहेका छन् । भौतिकपूर्वाधारमन्त्री खड्गबहादुर खत्रीले राजीनामा दिएपछि झण्डै एक वर्षदेखि सो मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले नै संहाल्दै आउनुभएको छ । विसं २०७४ फागुन ३ गते तत्कालीन एमालेले माओवादी केन्द्रलाई प्रदेश सरकार गठनका लागि समर्थन गरेको थियो ।

यसअघि चैत ४ गते बसेको दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता गरेसँगै मन्त्रीलाई फिर्ता हुन निर्देशन दिएको थियो । यही चैत २२ गते बसेको दलको बैठकले २४ घण्टाभित्र राजीनामा दिएर दलको निर्णय कार्यान्वयनमा सहयोग गर्न पुनः मन्त्रीलाई निर्देशन दिएको थियो । मुख्यमन्त्री शाहीसमक्ष राजीनामा दिएलगत्तै आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्वालाले पार्टीभित्र मतभेद भएपनि पार्टी निर्णय कार्यान्वयन गर्नुको विकल्प नभएको बताउनुभयो ।

एमालेले माओवादी केन्द्रलाई दिएको समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री शाहीले आगामी वैशाख ५ गतेभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने बाध्यता छ । प्रदेश प्रमुखको कार्यालयले तोकिएको अवधिमै विश्वासको मत लिन मुख्यमन्त्रीलाई ध्यानाकर्षण गराइसकेको छ ।

प्रदेशसभामा एमालेका सभामुखबाहेक १९, माओवादी केन्द्रका १२ ९एक जना निलम्बित०, नेपाली कांग्रेसका छ र राप्रपाका एक प्रदेशसभा सदस्य छन् । एमाले दलका नेता यामलाल कँडेलको अध्यक्षतामा आज बसेको बैठकले नयाँ सरकार गठनका अन्य दलसँग वार्ता एवं परामर्श गर्न नेता कँडेललाई जिम्मेवारी दिने निर्णय गरेको छ । त्यस्तै, प्रमुख सचेतक गुलाबजङ्ग शाहको संयोजकत्वमा गठित विधान संशोधन कार्यदलले तयार पारेको मस्यौदालाई पारित गर्न पार्टी कमिटीसमक्ष पठाउने निर्णय गरेको छ ।रासस

## सभापति देउवाद्वारा प्रधानाङ्ग र राईको निधनप्रति दुःख व्यक्त

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको जिल्ला कार्यसमिति भक्तपुरका संस्थापक सभापति एवं पूर्व वाणिज्य तथा आपूर्ति राज्यमन्त्री ऐश्वर्यलाल प्रधानाङ्गको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ । प्रधानाङ्गको यही चैत २० गते ९६ वर्षको उमेरमा ललितपुरको एकान्तकुनास्थित आफ्नै निवासमा निधन भएको थियो ।

सभापति देउवाले सोमबार एक शोक विज्ञप्तिमार्फत उहाँको निधनबाट कांग्रेसले एक पुराना अग्रज व्यक्तित्वलाई गुमाएको उल्लेख गर्दै उहाँप्रति श्रद्धाञ्जलि र शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नुभएको छ । सभापति देउवाले पार्टी सङ्गठन, नेपालको लोकतान्त्रिक आन्दोलन र सामाजिक क्षेत्रमा प्रधानाङ्गले निर्वाह गर्नुभएको योगदान सदा स्मरणीय रहने उल्लेख गर्नुभएको छ ।

स्व प्रधानाङ्ग विसं २००७ देखि २०१० सालसम्म कांग्रेस जिल्ला कार्यसमिति भक्तपुरको सभापति, २०१६ सालमा राष्ट्रिय योजना आयोगको सदस्य, २०४८ सालमा राष्ट्रियसभाको सदस्य र विसं २०४८ देखि २०५० सालसम्म वाणिज्य तथा आपूर्ति राज्यमन्त्री हुनुभएको थियो । विसं २०१७ मा प्रजातन्त्र अपदस्थ गरिएपछि कांग्रेसद्वारा सञ्चालन गरिएको सङ्घर्षका क्रममा उहाँ पक्राउ परी करिब एक वर्ष जेल जीवनसमेत व्यतित गर्नुभएको पार्टी कार्यालयले जनाएको छ । त्रिभुवन विश्वविद्यालयमा लामो समयसम्म प्राध्यापनसमेत गर्नुभएका स्व प्रधानाङ्गले राजनीतिका साथै सामाजिक क्षेत्रमा समेत उल्लेखनीय योगदान पुर्‍याउनु भएको थियो ।

यसैगरी सभापति देउवाले सोमाबार नै कांग्रेस ताप्लेजुङका पूर्व सहसभापति एवं तत्कालीन नेपाली कांग्रेस (प्रजातान्त्रिक) ताप्लेजुङका पूर्वसभापति डीबी राईको निधनप्रति पनि दुःख व्यक्त गर्नुभएको छ । उहाँको यही चैत २२ गते उपचारका क्रममा झापा लैजाँदै गर्दा बाटोमा निधन भएको थियो । रासस

# ३७ आरोही समूहले लिए आरोहण अनुमति

काठमाण्डु । कोभिड-१९ महामारीको प्रतिकूल परिस्थितिका बावजुद पनि सर्वोच्च शिखर सगरमाथासहितका हिमाल आरोहण गर्न आरोहीले आरोहण अनुमति लिएका छन् ।

महामारीकै कारण अघिल्लो वर्षको वसन्त याममा पर्वतारोहण र पदयात्राले असर बेहोरेको सन्दर्भमा यस यामको हिमाल आरोहणले पर्यटन क्षेत्रमा उत्साह जगाएको छ । यतिखेर विभिन्न मुलुकबाट नेपालको सगरमाथासहितका विभिन्न हिमाल आरोहणका लागि धमाधम आरोहीले अनुमति लिइरहेका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागले हालसम्म वसन्त यामको आरोहणका लागि सगरमाथासहितका विभिन्न हिमाल आरोहणका लागि ३७ आरोही समूहलाई आरोहण अनुमति (एक्सिपिडिसन पर्मिट) दिएको छ ।

सगरमाथाका १८ सहित ३७ आरोही समूहका ३०३ आरोहीलाई आरोहण अनुमति दिइएको विभागले जनाएको छ । सगरमाथा आरोहणका लागि मात्रै १८ आरोही समूहले अनुमति लिएको छ । हालसम्म सगरमाथाको १८ आरोही समूहसहित ३७ आरोही समूहले आरोहण अनुमति पाएको विभागको पर्वतारोहण शाखाका अधिकृत भीष्म भट्टराईले




जानकारी दिनुभयो ।

विभागले आरोहण अनुमति दिएका हिमालमध्ये सबैभन्दा बढी सगरमाथा आरोहणका लागि छ । विभागले हालसम्म सगरमाथा, अन्नपूर्ण, मकालु, मनास्लु, धौलागिरि, ल्होत्से, पुमरी, नुप्से र टुकुचे हिमाल आरोहण गर्ने आरोहण अनुमति दिएको छ ।

कोभिड महामारी जोखिमका बीच आरोहण अनुमति जारी हुनु र यसमा पनि विशिष्ठ पाहुनाको आरोहणले नेपालको साहसिक पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर फैलाउन सहयोग पुग्ने अपेक्षा विभागले लिएको छ । बहराइनका राजकुमार शेखमोहम्मद हमाद मोहम्मद अल खलिफासहितको टोलीले पहिलो आरोहण अनुमति लिएको छ । नेपालस्थित सेभेन समिट ट्रेकमार्फत आरोहणको तयारी भइरहेको छ । बहराइन रोयल गार्ड (डिफेन्स फोर्स) मा कार्यरत १३ बहराइनी तथा तीन बेलायती रहने आरोही टोली छन्

**सगरमाथामा १८आरोही समूह**

वसन्त यामको सगरमाथा आरोहणका लागि हालसम्म १८ आरोही समूहका १६७ आरोहीले आरोहण अनुमति लिएका छन् । आज मात्रै सगरमाथाका लागि एक आरोहण अनुमति जारी भएको छ । विभागको पर्वतारोहण शाखाको तथ्याङ्कमा हालसम्म सोलुखुम्बुमा पर्ने सगरमाथा (८,८४८.८६ मिटर) आरोहणका लागि सबैभन्दा बढी १८ आरोही समूह छन् र सोही क्षेत्रमा पर्ने ल्होत्से (८,५१६ मिटर) मा चार, नुप्से (७,८६४ मिटर) मा तीन र पुमरी (७,१६१ मिटर) मा एक आरोही समूह छन् ।

यस्तै पुमरी (७, १६१ मिटर) मा एक आरोही समूहलाई अनुमति दिइएको छ । गण्डकी क्षेत्रमा पर्ने अन्नपूर्ण हिमाल (८,० ९१) आरोहणका लागि चार र धौलागिरि हिमाल (८,१६७ मिटर) मा तीन समूहलाई अनुमति दिएको छ भने गोरखामा पर्ने मनास्लु हिमाल (८,१६३ मिटर) मा एक आरोही समूह छ । सङ्खुवासभामा पर्ने मकालु हिमाल (८,८४६३ मिटर) आरोहणका लागि एक समूहले अनुमति लिएको छ ।

**झण्डै २३ करोड रोयल्टी सङ्कलन**

पर्वतारोहणका लागि उपयुक्त मानिने वसन्त याममा सर्वाधिक आरोही सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि नेपाल आउने गर्छन् । हिमाल आरोहणबाट राज्यलाई राम्रै रोयल्टी जम्मा हुन्छ । यस यामको आरोहणमा असहज परिस्थितिका बीचमा पनि आरोहीको सङ्ख्या उत्साहवर्द्धक रहेको छ ।

यस याममा हिमाल आरोहण बापत पर्यटन विभागले हालसम्म झण्डै २३ करोड रोयल्टी सङ्कलन गरेको छ । विभागको सोमबारसम्मको विवरणमा रु २२ लाख ७७ हजार एक हजार ४५९ रोयल्टी जम्मा भएको छ । हिमाल आरोहणका लागि उपयुक्त मौसम वसन्तयामलाई मानिन्छ। यो अनुकूल मौसममा सगरमाथासहितका विभिन्न चर्चित हिमालमा स्वदेशी तथा विदेशी आरोहीले सर्वाधिक आरोहण गर्छन् । सगरमाथा, अन्नपूर्ण, मनास्लुलगायतका उच्च हिमशृङ्खला आरोहीको रोजाइमा पर्छन् ।

मार्च, अप्रिल र मेको आरोहणका लागि मार्चदेखि बुकिङ शुरुआत भए पनि अप्रिलको दोस्रो सातासम्म विभागलाई अनुमति जारी गर्न भ्याइनभ्याइ हुन्छ । रासस

# सामग्री उत्पादनमा आत्मनिर्भर हुन प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली सेनालाई आफूलाई आवश्यक पर्ने सामग्री र वस्तुहरूको उत्पादन आफैँ गरेर आत्मनिर्भर हुन निर्देशन दिनुभएको छ ।



आर्थिक वर्ष २०७७/७८ मा रक्षा मन्त्रालयबाट सञ्चालित विकास तथा आयोजनाको दोस्रो चौमासिकको प्रगति समीक्षा तथा मन्त्रालयस्तरको विकास समस्या समाधान समितिको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले कोभिड १९ को सङ्क्रमण नियन्त्रण र रोकथामदेखि प्रकृति संरक्षण, विपद् व्यवस्थापन र पूर्वाधारहरूको निर्माण एवं राष्ट्रिय र ऐतिहासिक महत्वका गढी र किल्लाहरूको संरक्षणमा खेलेको भूमिकाको प्रशंसा गर्नुभयो । उहाँले नेपाली सेनालाई सैनिक कल्याणकारी कोषको थप उपयोग गर्न निर्देशन दिनुभयो । उहाँले हाल मुलुकमा आगलागी नियन्त्रणमा नेपाली सेनाले महत्वपूर्ण भूमिका निर्वाह गरेको र विश्वभर शान्ति स्थापनामा महत्वपूर्ण योगदान गरी मुलुकको प्रतिष्ठा र छवि उल्लेखनीय भूमिका निर्वाह गरेको बताउनुभयो ।

बैठकमा नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापाले दोस्रो चौमासिकमा सेनाबाट सञ्चालित अधिकांश कार्यक्रमको भौतिक प्रगति उत्साहजनक रहेको बताउनुभयो । मन्त्रालयका सचिव रेश्मीराज पाण्डेले मन्त्रालय राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको प्रगति सन्तोषजनक रहेको जनाउनुभयो । मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ज्ञवालीका अनुसार राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले आयोजनासँग सम्बन्धित समस्या समाधानका लागि आपसी समन्वयमा जोड दिनुभयो । रासस


## लक्ष्मीनियाँ गाउँपालिका
### नगर कार्यपालिकाको कार्यालय
### लक्ष्मीनियाँ बजार, धनुषा

## गाउँबासीमे अत्यन्त जरूरी सुचना

लक्ष्मीनियाँ गाउँपालिकाद्वारा गरिब घरपरिवार पहिचान तथा राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम होब जाईछे । सम्पूर्ण जनसमुदायमे अनुरोध छे कि तथ्याङ्क संकलन कर के खातिर अपने लक्ष्मीनियाँ गाउँपालिकाके कर्मचारी रहते तई दुवारे सबगोरासे अनुरोध छे कि सबकोइ अपन सही सूचना देबै केलाकी काइलहके दिनमो कोनो सरकारी कामकाज वा सर-सुविधा होतै त ऊ परिचयपत्र खोईज सकैछै । तई दुवारे यी विवरण दिएमे केउ नई छुट्टु या केउ नई दोहराईव ।

धन्यवाद !

प्रमुख प्रशासकीय अधिकृत



## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### धनुषाधाम, धनुषा
### प्रदेश नं. २, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७७/१२/२५

यस धनुषाधाम नगरपालिकाबाट २०७७/१०/२८ को प्रकाशित सूचना अनुसार देहाय का ठेक्का नं. का लागि तोकिएको मिति र समय भित्र e-biddig बाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकाले बोलपत्र स्वीकृतका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सो ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धि सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | फर्मको नाम | स्वीकृत गरिएको कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|
| DM/18/2077/78 | Supply and installation of Pole, Tar & Transformer | Banrait Construction and Suppliers Pvt.Ltd. | २१७९३९५ (मु.अ.क. बाहेक) | |

प्रमुख प्रशासकीय अधिकृत

# जापानद्वारा उत्तर कोरियामाथिको प्रतिबन्ध दुई वर्ष थप



**एपी**

टोकियो । जापानले उत्तर कोरियामाथि लगाइरहेको प्रतिबन्ध अरु दुई वर्ष थप गरेको छ । उत्तर कोरियाले आणविक अस्त्र निर्माणको कार्यलाई निरन्तरता दिएको तथा अपहरणमा परेका जापानी नागरिकको विषय टुङ्ग्याउन ठोस पहल नगरेको भन्दै जापानले प्रतिबन्ध थप गरेको हो ।

जापानले लगाएको प्रतिबन्धमा उत्तर कोरियाले विश्वका अरु देशसँगको व्यापारमा प्रतिबन्ध लगाउने तथा मानवीय उद्देश्य बाहेक उत्तर कोरियामा दर्ता भएका जहाजहरुलाई जापानी बन्दरगाहमा प्रवेश नदिइने उल्लेख छ । उत्तर कोरियाको आणविक तथा क्षेप्यास्त्र कार्यक्रम विरुद्ध संयुक्त राष्ट्रसंघीय प्रतिबन्धलाई पनि जापानले अनुशरण गर्नेछ ।

राष्ट्रसंघीय प्रतिबन्धमा हातहतियारको व्यापारमाथि प्रतिबन्ध, उत्तर कोरियाली सम्पत्ति रोक्का, जनता-जनताबीचको आदानप्रदान तथा शिक्षा र तालिममा प्रतिबन्धहरु समावेश रहेका छन् । जापानका मुख्य सचिव कात्सुनोबु काटोले मन्त्रिपरिषदको बैठकले उत्तर कोरियामाथिका प्रतिबन्धलाई अरु दुई वर्ष बढाउने निर्णय गरेको जानकारी दिनुभयो ।

यसअघि घोषणा गरिएको प्रतिबन्धको म्याद आगामी अप्रिल १३ मा समाप्त हुँदैछ । उत्तर कोरियाले करिब एक वर्षको अवधिमा पहिलो पटक गत मार्च २५ मा दुई वटा ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण गरेको थियो । जापानले उक्त परीक्षण राष्ट्रसंघीय सुरक्षा परिषदको प्रस्तावको उल्लङ्घन भन्दै भर्त्सना गरेको थियो । जापान, संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले राष्ट्रसंघीय प्रतिबन्धको पूर्ण कार्यान्वयनका लागि आग्रह गरेका छन् ।

सन् १९७० र १९८० को दशकमा १३ जना जापानी नागरिकलाई अपहरण गरेको उत्तर कोरियाले सन् २००२ मा स्वीकार गरेको थियो । उनीहरुलाई जापानी भाषा र संस्कृतिका विषयमा उत्तर कोरियाली गुप्तचर हरुलाई प्रशिक्षित तुल्याउन अपहरण गरिएको थियो । पछि पाँच जनालाई भने जापान फर्कन अनुमति दिइएको थियो ।

उत्तर कोरियाले बाँकीको मृत्यु भएको वा उत्तर कोरिया नै प्रवेश नगरेको दाबी गर्दै आएको छ । जापानले अरु पनि जापानी नागरिकलाई उत्तरले अपहरण गरेको हुनसक्ने विश्वास गर्दै आएको छ र तीमध्ये धेरैजसो जीवितै रहेको हुनसक्ने जापानको भनाई छ । अपहृत जापानी नागरिक र आणविक हतियार एवं क्षेप्यास्त्र विकासका कार्यले दुबै मुलुकबीचको सम्बन्ध चिसिएको छ ।

यी दुबै मुलुकबीच कुटनीतिक सम्बन्ध समेत रहेको छैन । प्रधानमन्त्री योशिहिदे सुगाले आफ्नो प्रशासनले अपहृत जापानी नागरिकको विषयलाई उच्च प्राथमिकता दिइने बताउँदै आउनु भएको छ । उहाँले उत्तर कोरियाली नेता किम जोङ अनसँग विनाशर्त वार्ता गर्न खुला रहेको बताइसक्नु भएको छ । जापानले उत्तर कोरियामाथि सन् २००६ मा सीमित प्रतिबन्धहरु लगाउन थालेको थियो । तर त्यसयता जापानले त्यस्तो प्रतिबन्धलाई थप विस्तार र व्यापक बनाउँदै लगेको छ ।

# इन्डोनेसिया र इस्ट टिमोरमा बाढी र पहिरो, मृतकको संख्या १५० नाघ्यो

**एएफपी**

जाकार्ता । इन्डोनेसिया र इस्ट टिमोरमा आएको बाढी र पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या १५० भन्दा बढी भएको सरकारी अधिकारीहरुले जनाएका छन् । यस बाढी र पहिरोको कारण अझै पनि दर्जनौं व्यक्ति हराइरहेका छन् । यस बाढीबाट इन्डोनेसिया र छिमेकमा पर्ने इस्ट टिमोर बढी प्रभावित भएको अधिकारीहरुले सोमबार जानकारी दिएका थिए । यस प्रकोपबाट इन्डोनेसियामा १३० र इस्ट टिमोर २७ जनाको मृत्यु इन्डोनेसियाको विपत् व्यवस्थापन निकायका प्रवक्ताले मङ्गलबार बिहान बताउनुभएको छ । इस्ट टिमोरको राजधानी डिलीको आवासीय क्षेत्रमा घेरै व्यक्तिको मृत्यु भएको बताइएको छ ।

इन्डोनेसियामा अझै पनि ७० भन्दा बढी व्यक्ति हराएका खोजी तथा उद्धार कार्यमा संलग्न टोलीले मङ्गलबार जानकारी दिएका छन् । बाढी पहिरोका कारण दर्जनौं घरसहित भौतिक संरचनामा क्षति पुगेको जनाइएको छ । आँधीबेहरीले लेम्बाटा टापुको केही गाउँ र समुद्रको किनारमा अवस्थित भवनहरू बगाएको बताइएको छ । वर्षाको समयमा इन्डोनेसियाली द्वीपहरुका बाढी र पहिरोको प्रकोपले सताउने सामान्य जस्तो नै भएको पाइन्छ । गत जनवरी महिनामा इन्डोनेसियाको पश्चिमी भागमा पर्ने जाभा प्रान्तको सुमेडाङ शहरमा आएको बाढीका परी कम्तीका ४० व्यक्तिको मृत्यु भएको थियो ।

त्यसैगरी गत सेप्टेम्बरमा बोर्नेओ सहरमा आएको पहिरोमा परी ११ व्यक्तिको मृत्यु भएको थियो । इन्डोनेसियाको अनुमानित जनसंख्या १२ करोड ५० लाख रहेको छ । देशको आधा जनसंख्या पहिरोको जोखिममा रहेका क्षेत्रमा बस्ने गरेका पनि समाचारमा जनाइएको छ ।

# शहीद रङ्गशालामा ‘फ्लड लाइट’

मोरङ । शहीद रङ्गशालामा फ्लड लाइट सञ्चालनभएपछि विराटनगरवासीको वर्षौंदेखिको रात्रिकालीन खेलकूद हेर्ने चाहना पूरा भएको छ ।

काठमाण्डुको दशरथ रङ्गशालापछि विराटनगरमा यो दोस्रो फ्लड लाइट हो । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले फ्लड लाइटको सोमबार साँझ उद्घाटन गर्दै तीन वर्षअगाडि सरकारले प्रतिबद्धता व्यक्त गरेअनुसार आफ्नो काम पूरा गरेको छ भन्नुभयो । मुख्यमन्त्री राईले फ्लड लाइट सञ्चालनबाट यस क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिता सञ्चालन सहज हुनेछ भन्नुभयो ।



सामाजिक विकासमन्त्री उषाकला राईले खेलकूदको माध्यमबाट समाजमा अनुशासन कायम गरी मानव सभ्यताको विकास गर्ने धारणा राख्नुभयो । मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले प्रदेश सरकारको रु पाँच करोड ४२ लाख लगानीमा फ्लड लाइट जडान गरिएको जानकारी दिनुभयो ।

विसं २०७६ असोज १ गते सामाजिक विकास मन्त्रालय र कार्की बन्धु अमर जेभीबीच ३२ देखि ३५ मिटरसम्मको उचाइ रहने गरी चार वटा पोल खडा गरी प्रत्येक फ्लड लाइट फ्रेममा एक हजार वाटको २७ वटा बत्ती जडान गर्ने गरी रु चार करोड २९ लाखमा विसं २०७७ वैशाख २५ गते सम्पन्न गर्ने ठेक्का सम्झौता भएको थियो । कोरोना सङ्क्रमण रोक्न नेपाल र भारतको सीमा बन्द, अन्य आवश्यक सामग्री जडान, प्याराफिट मर्मतलगायतका कारण प्रदेश सरकारले समय सीमा थप गर्नुका साथै रु ८४ लाख थपेको सचिव कार्कीले बताउनुभयो । बन्दाबन्दीको कारण भारतबाट सामग्री ल्याउन समस्या भएपछि निर्धारित मितिमा काम सम्पन्न हुन नसकेको अमर जेभीले बताएको छ ।रासस

# अफगानिस्तानमा आइतबार भएका आक्रमणमा १७ सैनिकको मृत्यु, कैयौं घाइते

**सिन्ह्वा**

काबुल । अफगानिस्तानका विभिन्न स्थानमा आइतबार राति भएका छुट्टाछुट्टै आक्रमणहरूमा १७ सैनिकको मृत्यु भएको स्थानीय युद्ध अनुगमन समूहले सोमबार जानकारी गराएको छ ।

मारिने सैनिकमध्ये सबैभन्दा बढी दक्षिणी हेल्मन्ड प्रान्तमा रहेका छन् । उक्त प्रान्तमा रातभर भएका भिडन्तमा ११ सैनिक मारिएका र अन्य १३ सैनिकलाई आक्रमणकारी समूहले नियन्त्रणमा लिई लगेको बताइएको छ । सेनाले आक्रमणमा अफगानी तालिवान विद्रोही लडाकूको सम्लग्नता रहेको दावी गरेको छ ।

उक्त दिन तालिवान विद्रोहीले सेनाबाट खोसेर लगेको गाडीलाई प्रहरी कार्यालयमा विष्फोट गराउँदा कम्तीमा दुई प्रहरीको मृत्यु भएको आठ प्रहरी घाइते भएका बताइएको छ ।

सन् २००१ पहिले सत्ता चलाइसकेको तालिवान समूहले पछिल्लो केही महिनामा सरकारी सुरक्षाकर्मी र तालिवान समूहमा नलागेका सर्वसाधारणको हत्या गर्नेगरेका छन् ।

# मेलम्चीमा महिला भलिबल प्रतियोगिता हुने

सिन्धुपाल्चोक । ‘समुन्नत राष्ट्रका लागि पालिका पहिला, अग्रसर गराऔँ खेल क्षेत्रमा महिला’ भन्ने नाराका साथ मेलम्चीमा जिल्लास्तरीय महिला भलिबल प्रतियोगिता हुने भएको छ । सिन्धुपाल्चोक जिल्लाका तीन नगरपालिका र नौ गाउँपालिका गरी १२ पालिकाबीच हुने सो प्रतियोगिता वैशाख ६, ७ र ८ गते हुनेछ ।

मेलम्ची नगरपालिकाको आर्थिक सहयोगमा हाम्रो टिम मेलम्चीको आयोजना तथा रेडियो मेलम्चीको सहआयोजनामा सो प्रतियोगिता हुने भएको हो । खेल क्षेत्रमा महिलालाई प्रोत्साहित गर्ने नगरपालिकाको उद्देश्यअनुसार महिला भलिबल प्रतियोगिताका लागि नगरले सहयोग गरेको नगरउपप्रमुख भगवती नेपालले जानकारी दिनुभयो । प्रतियोगितामा पहिलो हुने टिमलाई रु एक लाख नगद पुरस्कारका साथ कप र मेडल प्रदान गरिने सहआयोजक रेडियो मेलम्चीका अध्यक्ष डम्बर रसिक भारतीले जानकारी दिनुभयो । दोस्रोलाई रु ५० हजार र तेस्रो हुने दुई टिमलाई रु २५/२५ हजार पुरस्कार रहेको छ ।

सहभागी खेलाडीलाई आवास तथा खानाको व्यवस्था गरिएको आयोजक संस्थाका अध्यक्ष आशीष श्रेष्ठले जानकारी दिनुभयो । खेलाडीका लागि ड्रेस तथा खाजाको व्यवस्था भने सम्बन्धित पालिकाले गर्नुपर्ने पनि बताइएको छ ।रासस

# नाइजेरियाली जेलमा भएको आक्रमणपछि १८ सय भन्दा बढी कैदीहरू भाग्न सफल

**एएफपी**

अबुजा । दक्षिणी नाइजेरियामा अवस्थित एक जेलमा सशस्त्र आतङ्ककारी समूहले गरेको आक्रमणपछि १८ सय भन्दा बढी कैदी जेलबाट फरार भएका छन् ।

आक्रमणकारीहरू नाजेरियाको इमो राज्यको दक्षिणपूर्वी सहर ओवेरीस्थित जेलमा बिस्फोटक पदार्थको प्रयोग गरेरभित्र पसेका थिए । सुरक्षागार्ड र आक्रमणकारीबीच भएको दोहोरो भिडन्तको क्रममा कैदीहरु भाग्न सफल भएको जेल प्रशासनले जानकारी दिएको छ ।

सोमबार बिहान ट्रक र बस चढेर भारी हतियारसहित आएका आक्रमणकारीहरू ‘ओवेरी कस्टोडीयल सेन्टर’ प्रवेश गरेका जनाइएको छ । आक्रमणकारीहरुले रकेटबाट फ्याक्न सकिने ग्रेनेड, स्वचालित बन्दुक, बिस्फोटक पदार्थ र राइफल बोकेका प्रहरी प्रवक्ताले बताउनु भएको छ ।

हालसम्म कुनै समूहले उक्त आक्रमणको जिम्मेवारी लिएका छैनन् । नाजेरियाका राष्ट्रपति मुहमादु बुहारीले उक्त आक्रमणलाई अराजकतावादीहरू द्वारा गरिएको आतंकवादको कार्य भन्नु भएको छ । उहाँ आक्रमणकारी र फरार रहेका कैदीलाई पक्राउ गर्न सुरक्षाबललाई आग्रह गर्नु भएको छ ।

जेलबाट एक हजार ८४४ कैदी फरार भएको अधिकारीहरूले बताएका छन् । ती मध्ये ६ जना कैदीहरू फर्किएको बताइएको छ । ३५ जनाले भने जेलबाट भाग्न अस्विकार गरेका पनि समाचारमा जनाइएको छ ।

# भारतमा एकैदिनमा अहिलेसम्मकै सवैभन्दा धेरै सङ्क्रमित

**एएनआई**

नयाँ दिल्ली । भारतमा कोरोनाभाइरसबाट एकैदिनमा अहिलेसम्मकै सवैभन्दा धेरै सङ्क्रमित भएका छन् । महामारी सुरु भएदेखि अहिलेसम्म एकैदिनमा पहिलो पटक एकलाखभन्दा बढी सङ्क्रमित भएको अधिकारीहरूले जनाएका छन् ।



कोरोनाभाइरसको महामारीबाट धेरै प्रभावितहरूको सूचीमा भारत तेस्रो अग्रस्थानमा रहेको तथ्याङ्कले देखाएको छ । भारतभन्दा अगाडि दोस्रो स्थानमा ब्राजिल र पहिलोस्थानमा अमेरिका रहेका छन् । गत जनवरी ८ मा अमेरिकामा एकैदिनमा तीन लाखभन्दा बढी सङ्क्रमित भएका थिए । त्यसैगरी ब्राजिलमा एकैदिन सवैभन्दा धेरै मार्च २५ मा एक लाख १५८ जना सङ्क्रमित भएका थिए ।

अमेरिकामा अहिलेसम्म तीन करोड १४ लाख २० हजार ३३१ जना सङ्क्रमित भएका छन् भने पाँच लाख ६८ हजार ७७७ जनाको मृत्यु भएको छ । त्यसैगरी ब्राजिलमा एक करोड २९ लाख ८४ हजार ९५६ हजार सङ्क्रमित हुँदा तीन लाख ३१ हजार ५३० जनाको मृत्यु भएको छ । तेस्रो बढी प्रभावित भएको भारतमा भने अहिले सम्म एक करोड २५ लाख ८९ हजार ६७ जना सङ्क्रमित भएका छन् । सरकारी अधिकारीहरूका अनुसार भारतमा अहिलेसम्म कोरोनाका कारण एक लाख ६५ हजार १३२ जनाको मृत्यु भएको छ ।

कोरोना भाइरसको संक्रमण निकै तीव्र गतिमा फैलिन थालेपछि भारतको महाराष्ट्र राज्यमा कडा प्रतिबन्धको घोषणा गरिएको छ । यहाँको सरकारले रातको समयमा कर्फ्युका साथै साप्ताहिक विदाका समयमा अर्थात् शनिबार र आइतबार लकडाउन समेत हुनेगरी सोमबारदेखि यस्तो प्रतिबन्धको व्यवस्था लागु गरेको हो ।

# टोकियो ओलम्पिकमा खेलाडी नपठाउने उत्तर कोरियाको घोषणा

**एएफपी**

सियोल । उत्तर कोरियाले यस वर्ष जापानमा आयोजना हुने टोकियो ओलम्पिकमा आफ्ना खेलाडीहरु नपठाउने घोषणा गरेको छ ।

उत्तर कोरियाली खेलकुद मन्त्रालयले कोरोनाभाइरस महामारीका कारण उत्तर कोरियाली खेलाडीहरु टोकियो ओलम्पिकमा सहभागी नहुने जनाएको छ । यसअघि दक्षिण कोरियाको प्योङचाङमा आयोजित गृष्मकालीन ओलम्पिकमा उत्तरले भाग लिएको थियो । सन् २०१८ मा कुटनीतिक संवाद पुनः थालनी गर्न यस खेलमा भएको उत्तरको सहभागिताले ठूलो सहयोग गरेको थियो ।

उत्तर कोरियाली नेता किम जोङ अनकी बहिनी किम यो जोङले गृष्मकालीन खेलमा उत्तरको प्रतिनिधित्व गर्नु भएको थियो । त्यसबखत दक्षिण कोरियाली राष्ट्रपति मून जाए-इनले किम यो जोङसँग निकै सकारात्मक वार्ता गर्नु भएको थियो जसका कारण नेता किम र तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच प्रत्यक्ष भेटवार्ताहरु भएका थिए । तर प्योङ्याङको घोषणाले दक्षिण कोरियाको पुनः वार्ता प्रक्रिया शुरु गराउने एउटा योजनामा धक्का लागेको छ ।

टोकियो ओलम्पिक आगामी जुलाईमा हुँदैछ । उत्तर कोरियाली ओलम्पिक कमिटीले कोभिड-१९ का कारण आफ्ना खेलाडीलाई सुरक्षित गर्न ३२ औं गृष्मकालीन ओलम्पिकमा सहभागी नहुने निर्णय गरेको जनाएको छ । तर विश्लेषकहरुले खेलभन्दा पनि अन्य कारणले उत्तर कोरिया सहभागी हुन नचाहेको अनुमान गरेका छन् ।

# बेलायतमा आगामी सोमबारदेखि लकडाउनमा केही खुकुलो गरिने

**सिन्ह्वा**

लन्डन । बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले आगामी अप्रिल १२ सोमबारदेखि बेलायतमा लाग्दै आएको लकडाउनमा केही सहज बनाइने बताउनु भएको छ । उहाँले भन्नुभएको छ- आगामी सोमबारदेखि अहिलेको लकडाउनको अवस्थामा परिवर्तन गरेर केही सहज बनाइने छ ।

उहाँका अनुसार लन्डनमा आगामी सोमबारदेखि होटल रेष्टुरेन्ट, पब र बारहरु खुल्ने भएका छन् । त्यसैगरी जिमखाना, पार्कहरु, चिडियाखाना, पुस्तकालयहरु र सामुदायिक केन्द्रहरु पनि खुला गरिने भएको छ ।

आगामी सोमबारदेखि आवश्यकताका अरु कार्यालयहरु र सेवा क्षेत्र पनि खुला रहने बताइएको छ । प्रधानमन्त्री जोन्सनले सोमबारबाट बेलायत सरकारले दुई किसीमको रोडम्याप बनाएर अघि बढ्ने भएको जानकारी दिनुएको हो ।

# जोर्डनका राजकुमार हमजाद्वारा दरबारको भनाइविरूद्ध प्रतिवाद



**एएफपी**

अम्मान । जोर्डनका राजकुमार हमजाले आफ्नो सौतेनी भाइ राजा अब्दुल्ला द्वितीयको बिरूद्ध षडयन्त्र रचेको आरोपबारे कडा प्रतिवाद गर्नुभएको छ । उहाँले आफ्नो आन्दोलनलाई प्रतिबन्धित आदेशको पालना नगर्ने कुरामा जोड दिनुभएको छ ।

जोर्डन सरकारले हमजालाई ‘राज्यको सुरक्षालाई अस्थिर तुल्याउने’ देशद्रोहको षडयन्त्रमा संलग्न भएको आरोप लगाएको छ । हमजालाई नजरबन्दमा राखिएको छ भने उहाँको निकट मानिने कम्तिमा १६ जनालाई हिरासतमा लिएको छ ।

एकचालीस वर्षीय राजकुमार हमजाले आफूलाई अम्मान दरबार भित्र रहन आदेश गरिएको बताउनुभएको छ । उहाँले आदेशलाई अप्रजातान्त्रिक भन्दै यसले आफ्नो आन्दोलनको स्वतन्त्रता सीमित गर्ने प्रयास बताउनुभएको छ । यसलाई अवज्ञा गर्ने प्रतिवद्धता उहाँले जनाउनुभयो ।

उहाँले भन्नुभयो, “म तत्काल कुनै चाल चाल्न वा द्वन्द्वलाई वढावा गर्न चाहन्न तर पक्कै पनि मैले आज्ञापालन गर्ने छैन ।”

# अस्ट्रेलियालीलाई क्वारेन्टिनमा बस्नुपर्ने प्रावधान हटाउँछौं: प्रधानमन्त्री आर्डेन

**एएफपी**

वेलिङ्टन । न्यूजील्यान्डले आगामी अप्रिल १९ देखि अस्ट्रेलियासँग सीमित संख्यामा हवाई उडान शुरु गर्ने घोषणा गरेको छ ।दुई छिमेकी मुलुकबीच प्रारम्भ हुन लागेको हवाई मार्गबाट यात्रा गर्नेहरुले क्वारेन्टाइनमा बस्नु पर्ने छैन । कोरोनाभाइरस महामारीका कारण दुबै मुलुकमा अलपत्र परेका र आफन्तजनलाई भेटघाट गर्न यो सुविधाले ठूलो मद्दत पुग्नेछ । साथै कोरोनाका कारण सङ्कट व्यहोरी रहेको पर्यटन उद्योगलाई पनि यसले राहत दिने विश्वास गरिएको छ ।



दुबै मुलुकले कडा लकडाउन गरी कोरोनाभाइरसको प्रसार रोक्न ठूलै सफलता हासिल गरेका थिए । न्यूजील्यान्डकी प्रधानमन्त्री जसिन्डा आर्डेनले आफ्ना स्वास्थ्य अधिकारीहरुले अस्ट्रेलियाबाट कोरोना संक्रमण हुने खतरा निकै न्यून रहेको र अब यात्रा निकै सुरक्षित रहने बताएको जानकारी दिनुभएको छ ।

प्रधानमन्त्री आर्डेनले भन्नुभयो, “हवाई उडानको थालनीले अर्थतन्त्रलाई पुनः गतिशील तुल्याउन मद्दत गर्नेछ र यात्राका क्रममा भाइरसको संक्रमण रोक्न उच्चस्तरीय प्रबन्ध पनि गरिने छ ।”अस्ट्रेलियाले यसअघि पनि न्यूजील्यान्डबाट अस्ट्रेलिया आउने यात्रुलाई क्वारेन्टिनमा बस्न नपर्ने व्यवस्था गरेको थियो तर न्यूजील्यान्डले निकै सावधानी अपनाएको थियो ।

अस्ट्रेलियाबाट न्यूजील्यान्ड आइपुगेका हरेक व्यक्तिलाई दुई साताको क्वारेन्टिनमा बस्नैपर्ने नियम लगाइएको थियो ।दुबै देशले विश्वका अन्य मुलुकसँगको यात्रालाई निकै कडा बनाएका थिए । कोरोना देखिएका मुलुकका नागरिक अस्ट्रेलिया आइपुगे उनीहरुलाई कडा क्वारेन्टिनमा राख्ने गरिएको थियो । क्विन्सल्यान्डस्थित दी काउ रेस्टुराँका मालिक माल प्राइसले यस वर्ष आफ्नोमा ८० प्रतिशतले ग्राहक घटेको बताउनुभयो ।

# केन्ट आर.ओ.को नयाँ वर्ष अफर




**टुडे समाचारदाता**

जनकपुरधाम । ई.ओ.एल. प्रा. लि., नेपालमा केन्ट उत्पादनहरूका लागि एक मात्र आधिकारिक वितरक, सि.जी. इलेक्ट्रोनिक्स अन्तर्गतको संस्थाले यसपालीको नयाँ वर्षलाई लक्षित गरी ग्राहक योजना ल्याएको छ । भारत र नेपालमा पानी शुद्धिकरणका बजारमा ग्राहक वर्गले असाध्यै रुचाएको केन्ट आर.ओ.ले नयाँ वर्ष २०७८ लाई लक्षित गर्दै “स्वच्छ पानी, सुन्दर जिन्दगानी साथमा थुप्रै उपहार पनि; यो नव वर्ष मनाऔं केन्ट आर.ओ. सँग सहर्ष” भन्ने नारासहित जारी गरेको यस अफर अन्तर्गत केन्टको कुनै पनि आर.ओ.मोडलको खरिदमा “लक्की ड्र”मा सामिल भई हरेक महिना एउटा एल.जी.को कन्भेक्सन माइक्रोवेभ ओभन, एउटा एल.जी.को रेफ्रिजरेटर, एउटाएल.जी.कै एल.ई.डी. टि.भी.र तीन ओटा गोदरेज भाईरोशिल्डका साथ-साथै अन्तिमको बम्पर लक्की ड्रमा होन्डा डियो डी.एल.एक्स. मोडल को स्कूटर जित्ने मौका पनि पाउनुहुनेछ।

चैत ८ गते यता कुनै पनि केन्ट आर.ओ. खरिद गर्नुभएका र गर्नुहुने सबै ग्राहक महानुभावहरूले हाम्रो मासिक भाग्यशाली ड्र र बम्पर लक्की ड्रमा भाग लिन सक्नुहुनेछन् । लक्की ड्रमा भाग लिनको लागिः केन्ट आर.ओ.(स्पेस) आफ्नो नाम (स्पेस) ठेगाना (स्पेस) खरिद गरेको मिति (स्पेस) उत्पादन मोडेल नाम (स्पेस) सीरियल नम्बर टाइप गर्नुहोस् र ३७००१ मा एस.एम.एस. पठाउनुहोस् । यो ग्राहक योजना चैत ८ गतेदेखि सम्पूर्ण नेपालमा सिमित अवधिको लागि मात्र लागू गरिएको छ ।

आज सफा पिउने पानी आवश्यकता बनेको छ । प्रत्येक वर्ष लाखौं नेपाली पानीजन्य रोगहरूले संक्रमित हुन्छन् र हजारौंले आफ्नो ज्यान गुमाउँछन् ।

तपाईंले पिउने पानीमा उच्च टिडीएस, ब्याक्टेरिया, भाइरस, कीटनाशक र अन्य हानिकारक रसायनहरू समावेश हुन सक्छ। साथै, घरहरूमा आपूर्ति गरिएको पानी रस्ट र पुरानो पाइपलाइनहरू मार्फत आउने र अस्वस्थ ट्याङ्कीमा भण्डारण हुने गर्दछ । पिउनु भन्दा पहिले पानी शुद्ध छ भन्ने कुरा सुनिश्चित गर्न अत्यन्त महत्त्वपूर्ण छ। यसैले, केन्ट आर.ओ.बाट प्रशोधित भएको पानी हाम्रो परिवारको स्वस्थ जीवन र कल्याणको लागि महत्वपूर्ण आवश्यकता भएको छ।

केन्टका उत्पादनहरू स्वास्थ्य र स्वच्छताको लागि परिचित छन् । केन्ट ब्राण्डका अन्य वाटर प्यूरिफायर, एयर प्यूरिफायर, भ्याकुम क्लिनर, कीटाणु नाशक उपकरणहरू / डिसइन्फेक्टेन्टहरू र स्मार्ट किचन उपकरणहरू पनि सर्वत्र उपलब्ध छन् ।

## वायुसेवा निगमको सञ्चालक समितिमा प्रधान नियुक्त

काठमाण्डु । सरकारले राष्ट्रिय ध्वजाबाहक वायुसेवा निगम (नेपाल एयरलाइन्स) को सञ्चालक समिति सदस्यमा किशोर प्रधानलाई नियुक्त गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालले विराटनगर-१० मोरङकाका किशोरकुमार प्रधानलाई मंगलबार निगमको बोर्ड सदस्यमा नियुक्त गर्नुभएको हो ।

मन्त्री ढकालले निगमको बोर्ड सञ्चालकमा चार वर्षका लागि प्रधानलाई नियुक्त गर्नुभएको पर्यटनमन्त्रीका प्रेस संयोजक माधवप्रसाद तिवारीले जानकारी दिनुभयो । नेपाल वायु सेवा निगम ऐन २०१९ को परिच्छेद २ को दफा ४ को उपदफा (१) बमोजिम प्रधानलाई नियुक्त गरिएको छ ।

निगम ऐन २०१९ अनुरुप निगमको सात सदस्यीय बोर्डमा निगमको अध्यक्ष र प्रबन्ध निर्देशक, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अर्थ मन्त्रालयका एक-एक जना प्रतिनिधि र निजी क्षेत्रबाट तीन जना सदस्य रहने प्रावधान छ। हाल बोर्डको अध्यक्षमा सुशील घिमिरे, प्रबन्ध निर्देशक डिमप्रकाश पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने, अर्थ मन्त्रालयका सहसचिव केदारप्रसाद पनेरु तथा पर्यटन व्यवसायीद्वय ईश्वरी पौडेल र फुर्बा ग्लाल्जेन शेर्पा रहनुभएको छ ।रासस

# नेपाल र कतारबीच पर्यटन प्रवर्द्धनमा सहकार्य हुने

काठमाण्डु । कोभिड-१९ महामारीका कारण शिथिल बनेको मुलुकको पर्यटनलाई चलायमान बनाउन नेपाल र कतारबीच पर्यटन प्रवर्द्धनका लागि सहकार्य हुने भएको छ।

नेपालका लागि कतारका राजदूत युसुफ विन मोहम्मद अल हैल र नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीबीच पर्यटन बोर्डमा सोमबार भएको भेटवार्तामा दुवै देशबीच पर्यटन प्रवर्द्धन गर्ने विषयमा सकारात्मक कुराकानी भएको छ। दुई देशबीच पर्यटन प्रवर्द्धनको पर्याप्त सम्भावना रहेको र मिलेर काम गरे पर्यटन उद्योगलाई थप चलायमान बनाउन सकिने विषयमा छलफल भएको बोर्डले आज विज्ञप्तिमार्फत जनाएको छ।



कतारका राजदूतले नेपाल प्रकृतिको अनुपम उपहार भएको उल्लेख गर्दै पूर्वाधार विकासमा थप जोड दिन सके नेपालले पर्यटनबाट आर्थिक विकास गर्न सक्ने बताउनुभयो। “ यहाँको प्राकृतिक सौन्दर्यले म सधैँ लोभिने गरेको छु तर यातायातको उचित प्रबन्ध र महँगो हवाई भाडाले गर्दा चाहेर पनि मानिसले नेपाललाई आफ्नो गन्तव्य बनाउन सकेका छैनन् । यसमा ध्यान दिनुपर्छ”, राजदूतले भन्नुभयो । उहाँले नेपालको पर्यटन विकासका लागि नयाँ ढङ्गले सोच्न आवश्यक रहेको उल्लेख गर्दै नेपालको पर्यटन प्रवर्द्धनका लागि कतार सरकार सहयोग गर्न सधैँ तयार रहेको बताउनुभयो।

कार्यक्रममा पर्यटन बोर्डका कार्यकारी प्रमुख डा रेग्मीले नेपालमा सरकार र निजी क्षेत्र दुवैले पर्यटन पूर्वाधार विकासमा ध्यान दिइरहको जानकारी गराउँदै पर्यटन बोर्डले कतार सहित मध्यपूर्वमा पर्यटन प्रवर्द्धनका नयाँ योजना अगाडि सारेको बताउनुभयो।

उहाँले कतारबाट नेपाल आउन चाहने पर्यटकको आवश्यकताअनुरूपको व्यवस्थाका लागि नेपाल तयार रहेको बताउनुभयो । “नेपाल आउन चाहने पर्यटकको स्वागतका लागि नेपाल तयार छ । खासगरी कतारी पर्यटकको लागि ‘हलाल’ खानाको उपलब्धता, प्रार्थना कक्ष जस्ता आवश्यक पूर्वाधारको समेत व्यवस्था भइरहेको छ।” उहाँले नेपाल र कतार बीच सिधा हवाई सम्पर्कसमेत रहेकाले पर्यटक आवागमनमा खासै समस्या नहुने बताउँदै त्यसको लागि बोर्डले थप पहल गर्ने बताउनुभयो ।रासस

# कालीगढ नपाउँदा ऐतिहासिक पुल ओझेलमा



तनहुँ । जिल्लाको भिमाद नगरपालिका र म्याग्दे गाउँपालिका जोड्ने सेतीनदीमाथिको ऐतिहासिक झोलुङ्गे पुल ओझेलमा परेको छ । राणाकालीन समयमा निर्माण गरिएको उक्त पुल जीर्ण अवस्थामा पुग्दा दक्ष कालीगढ नपाउँदा संरक्षण हुन नसकेको हो ।

पुरातात्विक महत्वको झोलुङ्गे पुलको संरक्षणको लागि नगरपालिकालेबजेटसमेतविनियोजन गर्दै आएको नगरपालिकाकाप्रमुख मेखबहादुर थापाले बताउनुभयो । पुलको संरक्षणको लागि विज्ञ टोलीको खोजीकार्य भइरहेको छ । उहाँले भन्नुभयो, “पुल निर्माण गर्ने कालीगढको अभावका कारण बजेट विनियोजन गरिए पनि कार्यान्वयन गर्न सकिएको छैन ।” पुलको संरक्षणको लागि स्थानीय र गण्डकी प्रदेश सरकारले चासो देखाउँदै आएका छन् । उहाँले भन्नुभयो, “नगरपालिकाले ऐतिहासिक झोलुङ्गे पुल मर्मतसम्भार तथा संरक्षण योजना शीर्षकमा पटकपटक बजेट विनियोजन गरे पनि ‘फ्रिज’ हुन पुगेको छ ।” हामी पुल संरक्षणका लागि विभिन्न ठाउँसम्म पुगेका थियौँ। उहाँले भन्नुभयो, “यस किसिमको पुलसम्बन्धी सीप भएका व्यक्ति भेट्टाउन नसकिएकाले त्यस्ता व्यक्ति भए नगरपालिकाले समन्वय गरेर काम गर्न तयार छ।”

पुरातात्विक र ऐतिहासिक क्षेत्रको अनुसन्धान, पुनःनिर्माण गर्नुपर्ने भएकाले डोजर लगाएर नष्ट गर्न नसकिएको नगरप्रमुख थापाले बताउनुभयो । ढोर क्षेत्रको मिनामखानीमा रहेको फलाम खानीबाट स्थानीय विश्वकर्मा समुदायले फलाम निकालेर यो पुल निर्माण गरेको बताइएको छ । उक्त पुलमा प्रयोग भएका काठका फल्याक कुहिएका छन् भने फलामको लठ्ठा अहिले पनि जस्ताको त्यस्तै अवस्थामा देख्न सकिन्छ । निर्माण भएको सयौँ वर्ष बित्दा पनि फलामको गुणस्तर र कालीगढको चर्चा अहिले पनि उत्तिकै रहेको पाइन्छ। प्रदेश सरकारले ऐतिहासिक पुलको मर्मतसम्भार तथा संरक्षणका लागि गत वर्ष रु ११ लाख र यस आवमा रु बीस लाख विनियोजन गरेको नगरपालिकाले जनाएको छ । पुलको लागि भनेर छुट्टाएको बजेट काम गर्न नसकेपछि फ्रिज भएको नगरपालिकाका सूचना अधिकारी ऋषिभक्त वाग्लेले जानकारी दिनुभयो ।

आधुनिक पुलको विषयमा धेरै विज्ञ रहे पनि पुरानो पुलको सर्न्दभमा ज्ञान भएका व्यक्ति नहुँदा समस्या भएको हो । उहाँले भन्नुभयो, “ऐतिहासिक पुलको संरक्षणको लागि पुरातात्विक विभागमा गएर विवरण पेश गर्दा मर्मतसम्भार र संरक्षण गर्नुपर्ने इस्टिमेट ल्याउन भने पनि त्यो तयार गर्न नसक्दा संरक्षणको प्रक्रिया रोकिन पुगेको छ ।” उक्त झोलुङ्गे पुल नजिकै मोटरेबल पुल निर्माण गरिएको छ । सोही पक्की पुल हुँदै तनहुँ, स्याङ्जा, पाल्पा र नवलपुरलगायतका सयौँ सर्वसाधारण दैनिक आवतजावत गर्ने गर्दछन् ।रासस

# नेप्से हालसम्मकै उच्च बिन्दुमा बजार पूँजीकरण ३७ खर्ब

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोवार मापक नेप्से परिसूचक हालसम्मकै सर्वाधिक उच्च बिन्दुमा पुगेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १५.७२ अङ्कले बढेर दुई हजार ६७४.४६ मा पुगेको छ।



यस्तै ठूला कम्पनीको शेयर कारोवार मापन गर्ने सेन्सेटिभ परिसूचक ४.३४ बिन्दुले बढेर ४७६.१८ मा पुगेको छ । कूल २१३ कम्पनीको एक करोड ६१ लाख आठ हजार ४९९ कित्ता शेयर रु सात अर्ब ४७ करोड ७७ लाख ९५ हजार ७३८ मूल्यमा खरिद बिक्री भए।

मङ्गलबारको कारोवारपछि बजार पूँजीकरण झण्डै रु ३७ खर्बको नजिक पुगेको छ। नेप्सेका अनुसार रु ३६ खर्ब ९४ अर्ब ४२ करोड ७९ लाख ३० हजार हाराहारीमा बजार पूँजीकरण पुगेको छ।

कारोवार भएका कूल १३ उपसमूहमध्ये आज छ उपसमूहको शेयर ओरालो लाग्दा सात उपसमूहको शेयर भने उकालो लागेको छ । बैंकिङ ०.५९, व्यापार ४३२.२५, वित्त ३.३६, निर्जीवन बीमा २८७.७६, अन्य ३.९, जीवन बीमा १९१.४२ अङ्कले ओरालो लागेको छ। होटल तथा पर्यटन २०५.७९, विकास बैंक २९.९७, जलविद्युत् ११४.०५, उत्पादन १८३.९१, लघुवित्त ६४.१९, सामूहिक लगानी कोष ०.०२ र लगानी २.७२ बिन्दुले उकालो लागेको छ।

कारोवारका आधारमा आज नेपाल पूर्वाधार बैंक शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु ३९ करोड ८० लाख ५७ हजार २३६ बराबरको कारोवार भयो । यस्तै चिलिमे जलविद्युत् कम्पनी रु ३१ करोड १० लाख ६३ हजार ९५५, माथिल्लो तामाकोशी जलविद्युत् कम्पनी रु २९ करोड २० लाख ६० हजार ८३, हिमालयन डिस्टिलरी रु २२ करोड १८ लाख ३७ हजार ६४३, हिमालयन जनरल इन्स्योरेन्स रु २१ करोड २८ लाख ६१ हजार ८४२, नेपाल बैंक रु १७ करोड ६८ लाख ९५ हजार ८९०, अजोड इन्स्योरेन्स कम्पनी रु १६ करोड ६१ लाख ३७ हजार ४८६, बुटवल पावर कम्पनी रु १६ करोड दुई लाख ७३ हजार ७६७, नेपाल दूरसञ्चार कम्पनी रु १५ करोड २९ लाख ९९ हजार ९३ र रसुवागढी हाइड्रोपावर रु १४ करोड ७८ लाख ७२ हजार बराबरको कारोवार भई शीर्ष स्थानमा रहे।

यस्तै कारोवारका आधारमा चिलिमे जलविद्युत् कम्पनी, युनिभर्सल पावर युनाइटेड इदी मर्दी हाइड्रोपावर र चन्द्रागिरि हिल्सको शेयरमा आज सकारात्मक सर्किट लाग्यो । ती कम्पनीका लगानीकर्ताले समान १० प्रतिशतले कमाए । यसैगरी बोमी माइक्रोफाइनान्स ९.९५, एनआइसि एशिया लघुवित्त ९.९३, महिला लघुवित्त ९.९३, साञ्जेन जलविद्युत् कम्पनी ९.८९, शिवश्री हाइड्रोपावर ९.८१ र पञ्चकन्या माई हाइड्रोपावरका लगानीकर्ताले ९.८७ प्रतिशतले आर्जन गरे।

यसैगरी साल्ट ट्रेडिङ कर्पोरेशनको शेयरमा नकारात्मक सर्किट लाग्यो । सो कम्पनीका लगानीकर्ताले १० प्रतिशतले गुमाउँदा सानिमा जनरल इन्स्योरेन्स ८.७८, अजोड इन्स्योरेन्स ८.७२, युनाइटेड फाइनान्स ५.९६, जनरल इन्स्योरेन्स ५.१३, आइएमई जनरल इन्स्योरेन्स ४.३९, श्री इन्भेस्टमेन्ट ३.०९, प्रुडेन्सियल इन्स्योरेन्स २.९९, युनाइटेड इन्स्योरेन्स २.९४ र लुम्बिनी जनरल इन्स्योरेन्सका लगानीकर्ताले २.९१ प्रतिशतले गुमाए ।रासस

# नक्कली हवाई टिकट बेच्ने एनआरएनए पोर्चुगलका कोषाध्यक्ष निलम्बित

पोर्चुगल । गैर आवासीय नेपाली सङ्घ (एनआरएनए) पोर्चुगलले नक्कली हवाई टिकट बेच्ने सङ्घका कोषाध्यक्षलाई निलम्बन गरेको छ । सङ्घले नक्कली हवाई टिकट बेचेको घटना सार्वजनिक भएलगत्तै कोषाध्यक्ष विक्रमजङ्ग कुँवरलाई पदबाट निलम्बन गरेको हो।

राजधानी लिस्बनमा सञ्चालित लक्ष्मी ट्राभलका सञ्चालक तथा एनआरएनएका कोषाध्यक्ष कुँवरले नक्कली हवाई टिकट बेचेको सेवाग्राहीहरूले आरोप लगाएका थिए । कुँवरको ट्राभलमार्फत पोर्चुगलबाट नेपाल जान ११ जनाले काटेको हवाई टिकटसहित विमानस्थलमा बोर्डिङ पासका लागि अनुरोध गर्दा डेस्कमा रहेका कर्मचारीले टिकट नक्कली भएको भन्दै फिर्ता गरेपछि घटना सार्वजनिक भएको हो।

फिर्ता भएका सेवाग्राहीहरू गुनासोसहित ट्राभलको ढोका पुगेका र नेपाली समुदायका प्रतिनिधि र पत्रकारहरू पीडितको आवाज सुन्न जम्मा भएका थिए । फर्काइएका ११ जनाले प्रतिव्यक्ति ६२० यूरो अर्थात् करिब रु ७० हजार तिरेर टर्किस एयरलाइन्सको टिकट काटेको भक्तपुर घर भई पोर्चुगल बस्दै आउनुभएका पीडित विजय धिमालले बताउनुभयो ।

सञ्चालकले ठगेको भन्दै पीडितहरूले पोर्चुगाली प्रहरीमा रिपोर्ट गरेपछि प्रहरीले छापा मारेको छ । प्रहरीले ट्राभलमा रहेका कागजपत्रहरू पनि जफत गरेको छ। रासस

# बन्दीपुरलाई साहसिक पर्यटकीयस्थल बनाउन पहल

दमौली । पहाडकी रानी उपमाले परिचित तनहुँको बन्दीपुरमा पर्यटन र पूर्वाधारयुक्त केबुलकार परियोजना निर्माण अगाडि बढेको छ । बन्दीपुर केबुलकार एण्ड टुरिजमले शुरु गरेको करिब रु दुई अर्ब लागतको पर्यटकीय अवधारणाले गाउँ छाडेका सबै स्थानीयवासी गाउँ फर्किने र नयाँ व्यवसायमा अगाडि बढ्ने क्रम बढिरहेको छ। बन्दीपुर गाउँपालिकाको सहजीकरणको कारण यस क्षेत्रमा लगानीको माहोल बनेको लगानीकर्ता बताउँछन् । बन्दीपुरको मिनी ग्रेटवाल, साइकल लेन, जङ्गल सफारीका पूर्वाधारमा सो केबुलकारले थप प्रवर्द्धनको योजना बनाएपछि यो क्षेत्र साहसिक पर्यटकीयस्थलको रुपमा विकसित हुने सो केबुलकारका अध्यक्ष रामचन्द्र शर्माले बताउनुभयो।

साहसिकस्थललाई केन्द्रमा राखी सो केबुलकारले आफ्ना सहायक कम्पनीमार्फत अग्लो बन्जी जम्पको निर्माण प्रक्रिया थालेको छ। यस्तै जङ्गल पिङ, एक हजार ८०० मिटर लामो स्पाइडर जीप लाइन, ६०० मिटर लामो भिरमा टुँडिखेलसम्म वाक थ्रु, ५० मिटर लामो शिशाको पुलसमेत बनाउने गरी डिपिआर तयार गरिएको छ। यस्तै स्काइसाइकिलिङलगायतका मनमोहक मनोरञ्जन पूर्वाधार निर्माण गरी दैनिक पाँच हजारबढी पर्यटक बन्दीपुरमा भित्र्याउने लक्ष्य राखिएको छ । पाँच वटा सहायक कम्पनीमार्फत थप रु एक अर्ब लगानी यो क्षेत्रमा गर्ने योजना बनाइएको शर्माले जानकारी दिनुभयो । “हर्स राइडिङ सेवा र छिम्केश्वरीदेखि रामकोटसम्म ४० किमि साइक्लिङ सेवासमेत शुरु गरेर गाउँ-गाउँसम्म पर्यटकीय गतिविधि चलाउने योजना छ”, शर्माले भन्नुभयो।

बन्दीपुरमा निर्माणाधीन केबुलकारको ६५ प्रतिशत कार्य सम्पन्न भएको छ । माथिल्लो स्टेशनमा १५ तल्ले क्विनटावर निर्माण कार्यलाई समेत तीव्रता दिइएको छ । क्विनटावरबाट फराकिलो कुहिरोको समुद्र देखाउने साथै हिमालय दर्शन गराएर बन्दीपुरको सुन्दरता अनुभव गराउने तयारी छ । बन्दीपुरको विकासका लागि आगामी दश वर्षभित्र १० लाख लगानीकर्तामार्फत रु १० अर्बको लगानी लगाएर सामूहिक व्यावसायिक अभियान सञ्चालन गर्ने योजना बनाइएको छ। रासस


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०७७/१२/२५**

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी विकास बैंक लिमिटेड) को शाखा कार्यालय सिन्धुलीबाट अधिविकर्ष कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं.२०७७/०९/२२ मा अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा पैंतीस (३५) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।


यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **“धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको सूचना”** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

**१.कर्जा शिर्षक : अधिविकर्ष कर्जा**
**ऋणीको नाम : रिया मोटरसाईकल वर्कसप**
रजिष्टर्ड ठेगाना : क्षिरेश्वरनाथ न.पा.-०५, सखुवा महेन्द्रनगर, धनुषा
रजिष्ट्रेसन नं. : ८६२४/२०/०७३/७४ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय)
पान नं. : ६०४८५५३६१


**प्रोप्राईटरको नाम र ठेगाना**
**नाम : राजु साह**
बाबु : टुनटुन साह
बाजे : बचु साहु कलवार
ठेगाना : सखुवा महेन्द्रनगर -०१, धनुषा
हाल : क्षिरेश्वरनाथ न.पा.-०५, धनुषा
ना.प्र.नं. : १७१०९०/१२२०
जारी मिति : २०६८/०९/०१
जि.प्र.का. : धनुषा




**जमानीकर्ताहरुको नाम र ठेगाना**
**१. नाम : सोमनी देवी कलवारनी**
पति : बचु साहु कलवार
ससुरा : शिवशरण साह
ठेगाना : सखुवा-०१, धनुषा
हाल : क्षिरेश्वरनाथ न.पा.-०५, धनुषा
ना.प्र.नं. : ३६०७०२७९
जारी मिति : २०४३/१०/२५
जि.प्र.का. : धनुषा



**२. नाम : सिमा देवी साह**
पति : टुनटुन साह
ससुरा : बचु साहु कलवार
ठेगाना : सखुवा महेन्द्रनगर -०१, धनुषा
हाल : क्षिरेश्वरनाथ न.पा.-०५,धनुषा
ना.प्र.नं. : १७१०९०/१०८४
जारी मिति : २०६८/०३/२२
जि.प्र.का. : धनुषा



**३. नाम : राजा बाबु साह**
बाबु : टुनटुन साह
बाजे : बचु साहु कलवार
ठेगाना : क्षिरेश्वरनाथ न.पा.-०५,धनुषा
हाल : क्षिरेश्वरनाथ न.पा.-०५,धनुषा
ना.प्र.नं. : १७-०१-७१-०७७२५
जारी मिति : २०७१/१२/२६
जि.प्र.का. : धनुषा



**धितो राखिएको सम्पत्तिको विवरणः**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं / नक्सा सिट | कि.नं. | क्षेत्रफल (बिगाहा) | जग्गाधनी | कैफियत |
|---|---|---|---|---|---|---|
| धनुषा | हरिहरपुर | १/१ख | १२४५ | ०-०-७-० | सोमनी देवी कलवारनी | सो जग्गामा निर्माण भएका सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| धनुषा | हरिहरपुर | १/१ख | २०९२ | ०-०-६-० | सोमनी देवी कलवारनी | सो जग्गामा निर्माण भएका सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA

# शहीद ठाकुरको शालिक निर्माण हुने

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा शहीद रामविलास ठाकुरको शालिक निर्माण हुने भएको छ । वि.स. २०४६ को प्रजातान्त्रिक आन्दोलनमा शहादत प्राप्त गरेका जनकपुरधामका रामविलास ठाकुर वरही लोहारको ३१औ पुण्यतिथिको अवसरमा शालिक निर्माण गरिने घोषणा गरिएको हो ।

जनकपुरधाम ९ वंशी चौकमा आन्दोलनको क्रममा शहादत प्राप्त गरेको ठाकुरको सोहि ठाउँमा शालिक निर्माण गरिने भएको छ । सोमवार वरिष्ठ पत्रकार राजेश्वर नेपालीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा शहिद ठाकुरको तस्वीरमा माल्यार्पण गरि उनको स्मरण गरिएको थियो ।

कार्यक्रममा वरिष्ठ पत्रकार नेपालीले ठाकुरले प्रजातन्त्रको आन्दोलनमा दिएको योगदानको विषयमा चर्चा गरेका थिए । कार्यक्रममा संस्थाका अध्यक्ष अरुण कुमार झा,अवधेश शर्मा,अलाउदिन साफी,उमेश शर्मा,सचिन सिंह लगायको उपस्थिति रहेको थियो ।

# फरार प्रतिवादी ३१ वर्षपछि पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा प्रहरीले ३१ वर्षदेखि फरार प्रतिवादीलाई सोमबार पक्राउ गरेको छ । धनुषाको बिदेह न.पा. वडा नं. ४ बस्ने मनिकचन पासमान दुसाधलाई प्रहरीले पक्राउ गरेको हो ।



साबिक ठाडी झिझा गाविस वडा नं. ८ हाल बिदेह न.पा. वडा नं. ४ बस्ने झपडी पासमान समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिबादी बिदेह न.पा. वडा नं. ४ बस्ने मनिकचन समेत भएको ज्यान मार्ने उधोग मुद्दामा अदालतको २०४६।१०।०५ गतेको फैसलाले ५ वर्ष कैद सजाय गरेको थियो । उनी फरार रहेकोले प्रदेश प्रहरी कार्यालय, जनकपुर र जिल्ला प्रहरी कार्यालय समेतबाट खटिएको संयुक्त प्रहरी टोलीले खोज तलास गर्दै जाने क्रममा सोमबार दिउँसो जनकपुरधाम उप-महानगरपालिका वडा नं. १६ बाट मानिकचनलाई पक्राउ गरेको हो ।

उनलाई पक्राउ गरी मंगलबार आवश्यक कार्वाहीको लागि धनुषा जिल्ला अदालतमा पेश गरिएको थियो ।

# भंसार छलिका सामान बरामद

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरी प्रहरीले भारतबाट अवैध रुपमा नेपाल भित्र्याउन लागेको मालसामान बरामद गरेको छ ।

मंगलबार बिहान महोत्तरीको सम्सी गाउँपालिका वडा नं. ६ सम्सि दसगजास्थित भारतबाट लुकाई छिपाई नेपाल तर्फ ल्याउदै गरेको दोफुल तेल २० लीटर, राजनिवास १५ पैकेट प्रहरीले बरामद गरेको छ ।

बरामद गरिएको सामानको बजार मुल्य करिब ६ हजार २५० रहेको छ । नियन्त्रणमा लिएको सामानहरु आवश्यक कारवाहीको लागी जलेश्वार भंसार कार्यालय मलिवारा पठाइएको छ ।

# अपांगलाई व्हिल चेयर वितरण

अजमल मिकरानी

मलगंवा । सर्लाहीको धनकौल गाउँपालिकामा ८० जना अपाङ्गता भएका व्यक्तिहरुलाई व्हिल चेयर लगायतका सहयोग सामाग्री वितरण गरिएको छ ।




धनकौल गाउँपालिकाको आर्थिक सहयोगमा परिवर्तन संस्था द्वारा संचालित अपाङ्ग लक्षित कार्यक्रम अन्तर्गत सो गापामा बसोबास गर्ने ८० जना अपाङ्गता भएका व्यक्तिहरुलाई व्हिल चेयर,बैशाखी,पंखा, हर्लिक्स लगायतका सामाग्री वितरण गरिएको हो ।

गापा अध्यक्ष रामाश्रय साहको प्रमुख आतिथ्यतामा हालै सम्पन्न भएको कार्यक्रमका बिच उनीहरूलाई ती समाग्री वितरण गरिएको परिवर्तन संस्थाले जानकारी गराएको छ ।

प्रमुख प्रशासकीय अधिकृत मो.महफुज अहमद लगायतको उपस्थितिमा सम्पन्न भएको कार्यक्रमको अध्यक्षता हरिनन्दन अम्वेडकरले गर्नुभएको थियो भने कार्यक्रमको संयोजन प्रविण यादवले गरेका थिए ।

सहायता सामाग्री पाएपछि लक्षित वर्गले गाउँपालिका र आयोजक संस्थालाई धन्यवाद दिएका थिए ।

















जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com